# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १९४ | काठमाडौं | मंगलबार, २९ कात्तिक २०७९ | Prabhab National Daily | Tuesday, November 15, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रु. ५/-


# कोभिड महामारीले सिकाएका पाठ



■ समृद्धा केसी

**काठमाडौं-** कोरोना भाइरस (कोभिड-१९)को संक्रमण नियन्त्रण गर्न सरकारले सुरुमा एक साता लगाएको लकडाउन लम्बिँदै जाला भन्ने ताप्लेजुङका विजय राईले चिताएका थिएनन्। काम गर्दै पढ्ने रहर संगालेर भाइसहित काठमाडौंको डेरामा बस्दै आएका विजयको कोठामा एक साताका लागिमात्रै खानेकुरा थियो।

> कोभिड महामारीमा स्थानीय तहहरू राहत वितरणमा त चुके नै, नागरिकप्रति देखाउनुपर्ने न्यूनतम दायित्व निर्वाह गर्न पनि असफल भए ।

तर, उनीहरुको अनुमानविपरीत लकडाउन लम्बियो । लकडाउनको दशौं दिन त अवस्था यस्तो आयो कि, उनीहरुको गोजीमात्रै रित्तिएन खाने अन्न पनि रित्तियो । चिनेको एक किराना पसलबाट हारगुहार गरेर दुई किलो चामल र एक किलो दाल उधारोमा त ल्याए तर त्यो सकिँदा पनि लकडाउन टुंगिएन ।

कोरोना संक्रमण रोकथामका लागि सरकारले लगाएको पहिलो लकडाउनमा यस्तो समस्या भोग्ने विजय एक्लो श्रमिक थिएनन् । दैनिक ज्याला मजदुरीको भरमा गुजारा गर्ने सयौं विजयहरुले कोरोना संक्रमणका बेला खानकै समस्या झेलेको धेरै वर्ष बितेको छैन । कोठाको अन्न पूरै रित्तिएपछि विजय विभिन्न संघसंस्थाले खुलामञ्चमा निःशुल्क खाना बाँडिरहेको थाहा पाएर त्यही धाउन बाध्य भएका थिए ।

हालैमात्र स्नातकको पढाइ सकेका विजय कोरोनाकालको त्यो दुःख सम्झिन पनि चाहन्नन्। हिजोआज होटलमा काम गर्दै आएका उनी फेरि कोरोनाको अर्को लहर सुरु हुन्छ र उही दिन दोहोरिन्छ कि भनेर झस्किन्छन् । उनले भने, 'फेरि पनि लकडाउन भयो भने भोकै बस्ने दिन आउने हो कि भन्ने लाग्छ ।'

विजयको जस्तै चिन्ता छ, १० वर्षदेखि असनमा भारी बोकेर गुजारा गर्दै आएका रामेछापका टेकबहादुर श्रेष्ठको पनि । कोभिड महामारीका बेला उनी लामो समय बेरोजगार भए । संकटको त्यो घडीमा उनले न महानगरबाट राहत पाए न अन्य कामको अवसर नै । 'कैयन दिन त भोकभोकै बसें । केही दिन एक छाकमात्रै खाएर गुजारें,' उनले भने ।

लकडाउन लम्बिँदै जाँदा ऋण काढेर छाक टारेका उनले अझै त्यो ऋण तिरिसकेका छैनन् । विजयलाई जस्तै हिजोआज टेकबहादुरलाई कोरोनाको संक्रमण फेरि बढेर कतै लकडाउन नै त हुन्न ? भन्ने चिन्ताले पिरोल्छ ।

कोभिड संकट नियन्त्रण गर्न सरकारले ११ चैत्र २०७७ मा पहिलो लकडाउन गरेपछि विजय र टेकबहादुरजस्तै पढिरहेका र दैनिक ज्याला मजदुरी गरेर गुजारा चलाइरहेका व्यक्ति दुई छाक हातमुख जोर्ने दुःखमा परेका (**बाँकी पृष्ठ २ मा**)

# उपत्यकामा फर्किएला माओवादीको शक्ति ?

पहिलो संविधानसभा चुनावमा काठमाडौंमा चार क्षेत्र जितेको माओवादीले ललितपुरमा तीनवटै क्षेत्र जितेर 'क्लिन स्वीप' गरेको थियो । तर, २०७० मा माओवादी शून्यमा झर्‍यो । २०७४ को चुनावमा ललितपुर-३ बाट माओवादी नेतृ पम्फा भुसालले मात्र जितिन् ।

■ जेबी योञ्जन

**काठमाडौं-** संघीय राजधानी रहेको काठमाडौं उपत्यकामा सत्तारूढमध्येको एक दल नेकपा माओवादी केन्द्र फेरि शक्तिमा आउने कसरतमा छ । १५ वटा चुनाव क्षेत्रमध्ये एक तिहाइ क्षेत्र जित्ने दाबी माओवादीको छ । उम्मेदवारी सातवटा चुनाव क्षेत्रमा छ ।

सबैभन्दा बढी काठमाडौंमा पाँच वटा तथा ललितपुर र भक्तपुरमा समान एक-एक क्षेत्रमा माओवादीले उम्मेदवारी दिएको छ । ठीक १५ वर्षअघि भएको पहिलो संविधानसभा चुनावमा माओवादीले काठमाडौंमा चार चुनाव क्षेत्र जितेको थियो । ललितपुरमा त तीनवटै क्षेत्र जितेर 'क्लिन स्वीप' गरेको थियो । अघिल्लोपटक उपत्यकाको एउटा जिल्ला ललितपुरको चुनाव क्षेत्र-३ माओवादी नेतृ पम्फा भुसालले जितेकी थिइन् । २०७० सालमा भने माओवादी शून्य भएको थियो ।

यसपटक कम्तीमा पाँच क्षेत्रमा चुनाव जित्ने माओवादीको उपत्यका विशेष प्रदेश कमिटी अध्यक्ष जगत सिम्खडाले दाबी गरे । 'हामी यसपटक शक्तिमा फर्किन्छौं । पहिलो संविधानसभा चुनावमा जस्तै सफलता त नमिल्ला तर लेखेर राख्नुहोस् हामी यसपटक कम्तीमा पाँच चुनाव क्षेत्रमा शानदार जित निकाल्छौं,' सिम्खडाले *प्रभाव*लाई भने ।

माओवादीले काठमाडौं-२ मा पूर्वसभामुख ओनसरी घर्ती मगरलाई उम्मेदवार बनाएको छ। पूर्वप्रधानमन्त्रीसमेत रहेका नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले अघिल्लोपटक चुनाव जितेको यस क्षेत्रमा घर्ती सत्ता गठबन्धनको साझा उम्मेदवार हुन् । चुनाव क्षेत्रको ठूलो दल नेपाली कांग्रेससहित नेपालका दल, लोकतान्त्रिक समाजवादीको पनि घर्तीलाई समर्थन छ । २०६४ सालमा यस चुनाव क्षेत्रमा माओवादीकै नेता झक्कुप्रसाद सुवेदीले जित्दा नेपाल हारेका थिए ।



> हामी यसपटक शक्तिमा फर्किन्छौं । पहिलो संविधानसभा चुनावमा जस्तै सफलता त नमिल्ला तर लेखेर राख्नुहोस् हामी यसपटक कम्तीमा पाँच चुनाव क्षेत्रमा शानदार जित निकाल्छौं ।
>
> ■ **जगत सिम्खडा**
> अध्यक्ष, उपत्यका विशेष प्रदेश कमिटी, माओवादी केन्द्र

> माओवादीको संगठन छैन । माओवादीलाई पत्याउनुपर्ने आधार र कारण पनि छैन । काठमाडौंमा चार लाख मतदाता २०५६ सालपछि जन्मेकाहरु छन् । उनीहरूलाई माओवादीले भनेको परिवर्तनका कुराले छुँदैन ।
>
> ■ **भीम भुर्तेल**
> राजनीतिक विश्लेषक

यसपटक गठबन्धन हुनु र अर्कातिर राष्ट्रिय राजनीतिमा बेदागी छवि भएकी नेतृ घर्ती उम्मेदवार भएपछि माओवादीले चुनाव जित्ने क्षेत्रको रुपमा 'नोट' गरेको हो । काठमाडौं-३ मा नेता बद्रीप्रसाद बजगाईंलाई उम्मेदवार बनाएको छ । यहाँ गठबन्धन छैन । कांग्रेसबाट सन्तोष चालिसे र एमालेबाट पूर्वसांसद कृष्णकुमार राई प्रतिस्पर्धामा रहेका छन् । माओवादी सांगठनिक रूपमा यहाँ कमजोर छ । यद्यपि, सम्भावित जितिने क्षेत्रको रुपमा यस क्षेत्रलाई माओवादीले लिएको छ ।

काठमाडौं-७ मा माओवादीकै चुनाव चिह्न गोलकारभित्रको हँसिया हथौडाबाट अस्मिता सिंह (मानुषी) भट्टराई चुनाव लड्दै छिन् । पहिलोपटक चुनाव लडेकी उनी माओवादीमा आउन लागेका नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराईकी छोरी हुन् ।

मानुषीलाई कांग्रेससहितको सत्ता गठबन्धन दलहरूको समर्थन छ । पहिलो संविधानसभा चुनावमा मानुषीकै आमा हिसिला यमीले यहाँबाट चुनाव जितेकी थिइन् । आमाले चुनाव जितेकै क्षेत्रमा यसपटक छोरी मानुषी गठबन्धनको साझा उम्मेदवार बनेकी हुन् । उनीसँग एमाले नेता श्यामकुमार घिमिरे (**बाँकी पृष्ठ ३ मा**)

सन्दर्भ : वैदेशिक रोजगार

# श्रम स्वीकृति समयमै नवीकरण गर्न मन्त्रालयको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं-** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई समयमै श्रम स्वीकृति नवीकरण गर्न आग्रह गरेको छ । प्रचलित वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकले अनिवार्यरूपमा श्रम स्वीकृति लिनैपर्ने व्यवस्था रहेको जानकारी गराउँदै मन्त्रालयले रोजगारीमा रहँदै वा पुनः विदेश जानुपर्ने भएमा श्रम स्वीकृतिको अवधि समाप्त हुने अवस्थामा नवीकरण गरिहाल्न आग्रह गरेको हो ।

'एकपटक श्रम स्वीकृति लिई विदेशमा रोजगारीमा गएपछि श्रम स्वीकृतिको अवधि कायमै रहेको अवस्थामा नेपालमा फर्की पुनः सोही मुलुकको सोही काममा जाँदा पुनः श्रम स्वीकृति लिनु नपर्ने तर एकपटक लिएको श्रम स्वीकृतिको अवधि समाप्त भएपछि पुनः विदेशमा रोजगारीको लागि जानुपरेमा श्रम स्वीकृति नवीकरण गर्नुपर्ने कानुनी व्यवस्था छ,' मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

मन्त्रालयले श्रम स्वीकृति नवीकरणमा सचेत गराउँदै श्रम स्वीकृतिको अवधि सकिएपछि विदेशमा कुनै पनि कारणले मृत्यु भएमा वा अन्य कुनै अकल्पनीय घटना भई गम्भीर बिरामी भएमा कानुनबमोजिम वैदेशिक रोजगार कल्याणकारी कोषको रकम र बिमाबापतको रकम दाबी गर्नसक्ने कानुनी अवस्था नरहने स्पष्ट गरेको छ ।




> श्रम स्वीकृति नवीकरण नगर्दा विदेशमा रोजगारीका सन्दर्भमा विभिन्न पीडा खेप्नुपर्ने, स्वदेश फर्कन कठिन हुने र कतिपय परिस्थितिमा जेल सजायसमेत भोग्नुपर्ने अवस्था आउने गरेको मन्त्रालयको भनाइ

वैदेशिक रोजगार ऐन,२०६४ ले व्यवस्था गरेअनुरूप वैदेशिक रोजगारीमा रहँदा भवितव्य परी मृत्यु भएमा श्रम स्वीकृति लिँदा वैदेशिक रोजगार कल्याणकारी कोषमा दाखिला गरेको रकम र विदेश जानुपूर्व नेपालमा नै गरेको बिमाबाटै शवको व्यवस्थापन गर्ने र परिवारलाई कानुनले तोकेबमोजिमको सेवा सुविधा प्रदान गर्ने व्यवस्था रहेको मन्त्रालयका उपसचिव एवं सहायक प्रवक्ता डा. थानेश्वर भुसालले बताए । उनका अनुसार श्रम स्वीकृतिको अवधि सकिएपछि विदेशमा कुनै पनि कारणले मृत्यु भएमा वा अन्य कुनै अकल्पनीय घटना घटी गम्भीर बिरामी भएमा कानुनबमोजिम वैदेशिक रोजगार कल्याणकारी कोषको रकम र बिमाबापतको रकम दाबी गर्न सक्ने कानुनी व्यवस्था छैन ।


मन्त्रालयले विदेशमा रोजगारीका लागि गएका नेपालीहरूले आफूले लिएको श्रम स्वीकृतिको अवधि समाप्त हुनअघि नै वैदेशिक रोजगार विभागको वेबसाइटमार्फत सम्बन्धित मुलुकबाट नै श्रम स्वीकृति नवीकरण गर्न सक्ने जनाएको छ । प्रचलित कानुनबमोजिम नवीकरण गरी आफू र आफ्नो परिवारले पाउने कल्याणकारी सेवा सुविधा उपभोग गर्न/गराउन पनि मन्त्रालयले विज्ञप्तिमार्फत अपिल गरेको छ । यसका लागि वैदेशिक रोजगार कल्याणकारी कोष र बिमाबापत दाखिला गर्ने रकम सम्बन्धित देशमा रहेको आफ्नो बैंक खाताबाट सोझै नेपालमा रहेको वैदेशिक रोजगार बोर्ड र सम्बन्धित बिमा कम्पनीको खातामा सोझै पठाउन सकिनेगरी व्यवस्था मिलाइएको मन्त्रालयले उल्लेख गरेको छ । रोजगारीमा रहेका नेपालीले आफ्नो श्रम स्वीकृतिको म्याद रहे/नरहेको थाहा पाउन विभागको वेबसाइटमा गई जाँच गर्न सक्ने मन्त्रालयले जनाएको छ ।

समयमै श्रम स्वीकृति नवीकरण नगर्दा विदेशमा रोजगारीका सन्दर्भमा विभिन्न पीडा खेप्नुपर्ने, स्वदेश फर्कन कठिन हुने र कतिपय परिस्थितिमा जेल सजायसमेत भोग्नुपर्ने अवस्था आउने गरेको भुसालको भनाइ छ । 'मलेसियालगायत खाडी मुलुकमा रोजगारीका लागि गएका थुप्रै नेपालीहरूमा समयमै श्रम स्वीकृति नवीकरण नगर्दा विभिन्न समस्या भएको गुनासा आउने गरेका छन्,' उनले भने, 'अहिले पनि श्रम स्वीकृति नवीकरण नभएका वा भिसा अवधि नाघेका थुप्रै नेपालीहरू विदेशमा अलपत्र परेका खबरहरू आइरहेका छन् ।'

विदेश गएकाहरूले सहजरूपमा राज्यले दिएको सेवा सुविधाको उपभोग गर्न पाउन् र विविध कारणले अलपत्र परेकाहरूको उद्धारमा कठिनाइ नहोस् भन्ने अभिप्रायले श्रम स्वीकृति नवीकरणका सन्दर्भमा जानकारीका लागि मन्त्रालयले विज्ञप्ति जारी गरेको भुसालले बताए ।



## तथ्यांकमा निर्वाचन



इन्फोग्राफिक्सः निर्वाचन आयोग

# ‘चिसोमा मधुमेहका बिरामी सचेत हुनुपर्छ’

■ प्रभाव संवाददाता

**काठमाडौं–**
चिसोयाममा मधुमेहका बिरामी थप सचेत हुनुपर्नेमा जोड दिइएको छ। विश्व मधुमेह दिवसको अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रमका वक्ताले चिसोमा मधुमेहका बिरामीले आफ्नो स्वास्थ्यमा थप ध्यान दिनुपर्ने बताएका हुन्।

वीर अस्पतालका इण्डोक्राइम विशेषज्ञ डा. दीपक मल्लले भने, ‘मधुमेह भएकाहरू घाम उदाउनुअघि मर्निङ वाकमा जानु हुँदैन। खाली पेटमा हिंड्ने काम पनि उनीहरूका लागि घातक सावित हुनसक्छ। त्यसैले चिसोको समयमा मधुमेह भएकाले विशेष ध्यान पुऱ्याउनुपर्छ।’ उनका अनुसार पछिल्लो समय खानपान र तनावका कारण विदेशबाट फर्किने व्यक्तिहरूमा बढी मधुमेह देखिएको छ। पछिल्लो समय युवा उमेर समूहमा मधुमेहको समस्या बढेको उनको भनाइ छ।

‘देशभर मधुमेह शिक्षा, भोलिको सुरक्षा’ भन्ने नारासहित सोमबार मधुमेह दिवस मनाइएको हो। नेपालमा मधुमेहका बिरामी कति छन् भन्ने यकिन तथ्यांक संकलन भएको छैन। विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ)का अनुसार मधुमेहबाट झण्डै पाँच लाख मानिस प्रभावित छन्। सन् २०३० सम्म यो संख्या १५ लाख पुग्ने अनुमान गरिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले मधुमेहलाई सामान्य समस्या सोचेर हेलचेक्राइँ नगर्न आग्रह गरे। उनले सचेतपूर्वक मधुमेहको समस्यामा ध्यान दिए आयु लम्ब्याउन सकिने विश्वास व्यक्त गरे।

मधुमेहले आँखा, मिर्गौला, मुटु र खुट्टामा असर पार्छ। मधुमेहबाट पक्षघातको जोखिम पनि उत्तिकै हुन्छ। परिवारमा नजिकको सदस्यलाई मधुमेह भएमा, गर्भावस्थामा मधुमेह देखिएमा, आवश्यकताभन्दा बढी तौल, उच्च रक्तचाप र धेरै शारीरिक परिश्रम गर्न नपर्ने जीवनशैली भएका व्यक्तिमा मधुमेहको बढी जोखिम हुने चिकित्सक बताउँछन्।

मधुमेहका मुख्य लक्षण बढी प्यास लाग्नु, पिसाब बढी हुन थाल्नु, राति पिसाब फेर्न उठ्नुपर्ने, दुब्लाउनु, कमजोर अनुभव हुनु, शरीर चिलाउने, बढी भोक लाग्ने, छालामा घाउ खटिरा आउने, आँखा कमजोर हुने र यौनक्रम घट्ने हुन्छ। यद्यपि, सबै लक्षण एकैपटक देखिँदैन।

गर्भावस्थाको मधुमेह (गेस्टेसनल डायविटिज मेलिटस)को जोखिम पनि धेरै हुन्छ। मधुमेहका बिरामीले खुट्टामा चोट पटक र घाउ लाग्न नदिन सचेत हुनु चिकित्सकको सुझाव छ। मधुमेहको धेरै प्रकारमध्ये टाइप दुई डायविटिज नेपालीमा धेरै देखिने गरेको छ।

## कोभिड महामारीले...

पृष्ठ १ बाट जारी

थिए। कोभिडको पहिलो लहरमा काठमाडौं महानगरपालिकाले हरेक वडाहरुमा बसोबास गर्ने विपन्न वर्गको विवरण तयार पार्न लगाएको थियो। महानगरपालिकाकी पूर्वउपप्रमुख हरिप्रभा खड्गीले त्यही विवरणअनुसार राहत खाद्यन्न सामग्री बाँडिएको बताइन्। उनका अनुसार त्यतिबेला महानगरले असहाय, अशक्त तथा शारीरिकरुपमा काम गर्न नसक्नेहरुलाई भने खान, बस्न र स्वास्थ्य उपचारका लागि मानव सेवा आश्रममा व्यवस्था मिलाएको थियो।

महानगरले सुरुमा राहत लिनका लागि नागरिकता अनिवार्य गरे पनि पछि त्यस्तो व्यवस्था हटाएर एउटा फाराम भरेकै भरमा खाद्यन्न वितरण गरेको थियो। महानगरले लकडाउनलगत्तै असहाय र अति विपन्नका लागि भनेर ‘कोरोना भाइरससम्बन्धी राहत वितरण मापदण्ड, २०७६’ तयार पारेको थियो। जसमा एक विपन्न नागरिकका लागि चार किलो चामल, एक किलो दाल, एक किलो नुन, आधा लिटर तेल, आधा किलो चिउरा, एक किलो तरकारी दिने उल्लेख थियो। त्यस्तै, दुईदेखि चार जनाको परिवारका लागि १२ किलो चामल, दुई किलो दाल, एक किलो नुन, आधा लिटर तेल, दुई किलो चिउरा, तीन किलो तरकारी र पाँच जनाभन्दा ठूलो परिवारलाई १६ किलो चामल, तीन किलो दाल, एक किलो नुन, एक लिटर तेल, तीन किलो चिउरा र तीन किलो तरकारी एक हप्तालाई पुग्नेगरी वितरण गर्ने उल्लेख थियो।

महानगरले यस्तो मापदण्ड बनाए पनि त्यसको पूर्ण कार्यान्वयन हुन सकेन। जस्तो कि, काठमाडौं महानगरपालिका-५ का पूर्ववडाध्यक्ष रमेश डंगोलले भने लकडाउनमा महानगरले बनाएको मापदण्डका आधारमा भन्दा पनि महानगरले वडामा पठाएको बजेटअनुसार व्यक्तिको अवस्था हेरेर राहत वितरण गरिएको बताए। उनले भने, ‘झण्डै २७ सय नागरिकलाई दुई पटक ८/१० किलो चामल दाल, घिउ, चिउरा, तेल, नुन, बिस्कुटजस्ता सबै सामग्री दिइयो।’

काठमाडौं महानगरपालिकाका प्रशासन विभाग प्रमुख नवराज ढकालका अनुसार महानगरले २७ वैशाख २०७७ सम्म ३२ वटै वडामा बस्ने मजदुर र अति विपन्न एक लाख परिवार संख्याका आधारमा राहत वितरण गरेको थियो। २०७६ र ०७७ मा काठमाडौं महानगरले राहत सामग्री (चामल, दाल, तेल, चिउरा, तरकारी) वितरणमा मात्र पाँच करोड ३३ लाख रुपैयाँ रकम खर्च भएको देखिन्छ। तर, महानगरले यस्तो खर्चको शीर्षक नछुट्याएर एकमुष्ट तथ्यमात्रै सार्वजनिक गरेको छ।

लकडाउनको सुरुआती चरणमा काठमाडौं महानगरपालिकाले राहत वितरणजस्ता केही काम गरे पनि त्यसलाई निरन्तरता भने दिन सकेन। कोभिडको दोस्रो लकडाउनताका भोकले छटपटाइरहेका व्यक्तिको भोक मेटाउन काठमाडौं महानगरपालिकाभन्दा पनि अग्रस्थानमा विभिन्न संघ संस्था र अभियानकर्ता देखिए।

दोस्रो लकडाउनको चौथो दिनबाट नै स्वयंसेवीहरुबाट सञ्चालित अभियान ‘हाम्रो सानो प्रयास नेपाल’ले सार्वजनिक स्थानमा खाना खुवाउने काम थालेको थियो। उक्त अभियानका स्वयंसेवकहरुले सुरुमा धुलिखेलबाट हिँड्दै घर जान लागेका श्रमिकलाई खानेकुराको प्याकेट बाँडेको थियो। लकडाउन लम्बिँदै जाँदा खाना खुवाउनुपर्ने माग बढेपछि खुल्लामञ्चमा खाना खुवाउन थालेको हाम्रो सानो प्रयास नेपालका संस्थापक पुकार बमले बताए।

उक्त अभियानले दैनिक ज्याला मजदुर गरेर छाक टार्नेहरुका लागि खाना खुवाउने अभियान अगाडि बढाएको थियो। तर, दैनिक खाना खाने व्यक्तिहरु बढ्दै गएपछि काठमाडौं महानगरसँग नै समन्वय गरेर अगाडि बढ्दा सहज हुने भन्दै सहयोग माग्न गए पनि महानगरले कुनै पनि जिम्मेवारी लिन नखोजेको संस्थापक बमले बताए।

खाना खुवाउने क्रममा धेरै समस्या झेल्नुपरेको उनी सुनाउँछन्। महानगरको पहलमा हुनुपर्ने काम विभिन्न संघ संस्थाले गर्दा पनि महानगरले असहयोग गरेको उनको गुनासो छ। त्यो बेला महानगरले सहयोग गर्नुको साटो उल्टो भोको पेटमा लात हान्ने काम गऱ्यो। खुल्लामञ्चको छेउमा खाना खुवाउँदा महानगरका निवर्तमान प्रमुख विद्यासुन्दर शाक्यको ठाडो आदेशमा महानगरको बेइज्जत भएको भन्दै खाना खुवाउन बन्द गर्न लगाएको उनले बताए। महानगरको उक्त निर्णयको विरोध गर्दा कैयौं साथीहरुलाई प्रहरीले भ्यानमा कोच्दै जेलसम्म पुऱ्याएको आज पनि उनको मानसपटलमा ताजै छ।


लडकडाउनको समयमा काठमाडौंको थापाथलीस्थित प्रसूतिगृह पछाडि खाना खुवाइँदै।
*तस्बिरः हाम्रो सानो प्रयासको फेसबुक पेजबाट*

हाम्रो सानो प्रयासका स्वयंसेवक संयोजक सविन कर्मचार्य लकडाउनको बेला कैयौं भोका व्यक्ति भोक सहेर घरमै बसेको विगत सुनाउँछन्। उनले यस्तो विपद्मा पनि महानगरले केही नगरेको देखेपछि आफूहरुले चोक-चोकमा खाना खुवाउने अभियान सुरु गर्न खोज्दा पनि महानगरले असहयोग गरेको बताए।

अभियानमा सक्रिय सदस्य पुकार बम त्यतिबेला सरकारले लकडाउनका नियम मात्रै लादेर गरिबमारा नीति लिएको बताउँछन्। सरकारी नियम मिच्दै भए पनि भोकाहरुलाई खाना बाँडेको उनले सुनाए। उनले महानगरले राहतस्वरुप दिएको चार/पाँच केजी चामल र दालले महिनौं लामो लकडाउनलाई थेग्न नसक्ने अवस्था देख्दादेख्दै पनि सरकारले कुनै दायित्व लिन नखोजेको बताए। अभियन्ता बमका अनुसार काठमाडौं महानगरले पहिलो लहरको लकडाउनमा केही सहयोग गरे पनि दोस्रो लहरमा सहयोग गर्नुभन्दा पनि भोकै हुनुपरेका श्रमिकलाई महानगरले बोझको रुपमा लिएको थियो।

काठमाडौं महानगरपालिकाले २८ कात्तिक २०७७ मा सूचना निकाल्दै मंसिर २ गतेदेखि सार्वजनिकस्थलमा खाना खुवाउने कार्यमा रोक लगाएपछि महानगरसँगको समन्वयमा मंसिरको पहिलो सातादेखि हाम्रो सानो प्रयास नेपाल, हाम्रा टिम नेपाल, हण्ड्रेड गुप्र इन्स्टिच्युट फर नेपालजस्ता संस्थाहरुले थापाथलीस्थित प्रसूति अस्पतालको पछाडि खाना खुवाउने कार्यक्रम सञ्चालन गरेको बम सुनाउँछन्।

लकडाउनमा विपन्न नागरिकलाई राहत वितरण कार्यमा सक्रिय रहेका हाम्रो टिम नेपालका एलएस धामीले पहिलो लकडाउनमा काठमाडौं महानगरले उनीहरुलाई २० बोरा चामल र केही दाल सहयोग गरे पनि त्यसपछि कुनै सहयोग नगरेको बताए। महानगरले लकडाउनको समयमा लाखौंलाई खाद्यन्न वितरण गरेको भने पनि महानगरभित्र धेरै व्यक्ति भोकै बस्नुपरेको उनले सुनाए। दोस्रो लकडाउनमा त महानगरले खुलामञ्चमा खाना बनाउन बनाइएको ठाउँलाई नै डोजर लगाएर भत्काएको उनको भनाइ छ।

‘काठमाडौं महानगरले त्यो बेला चाहेको भए मज्जाले भोकै रहेका नागरिकलाई सहयोग गर्न सक्थ्यो तर अलिकतिभन्दा पनि कति पनि सहयोग नगरेपछि हामी आफ्नो तरिकाले खाना खुवाउनेदेखि राहत वितरणमा लागेको हो,’ बमले भने।

काठमाडौं महानगरभन्दा पनि ललितपुर महानगरले त्यो बेला श्रमिकहरुलाई खाना खुवाउन राहत वितरण गर्नमा निकै सहजीकरण गरिदिएको अनुभव भोकाहरुलाई निःशुल्क भोजन खुवाउन खटिएका अभियन्ताहरुको छ। लकडाउनको समयमा ललितपुरका मेयर चिरीबाबु महर्जनले सबै वडाध्यक्षहरुलाई एकजुट बनाएर खाना खुवाउने अभियानमा अग्रसरता देखाएका थिए। तर, यस्तो अग्रसरतामा काठमाडौं महानगरपालिका चुक्यो।

हाम्रो सानो प्रयासका बम भन्छन्, ‘चिरीबाबुमा एक खालको मानवीयता, एक खालको संवेदना थियो। त्यो बेला उहाँले मात्र खाना खुवाउने कार्य गरेको भए करोडौं खर्च हुन्थ्यो होला तर उहाँले हामीजस्तो अभियन्तालाई साथमा लिएर हिँड्नुभयो, जसले गर्दा धेरै नागरिकले सजिलै दुई छाक खान पाए।’

सरकारले लकडाउन गरेलगत्तै दैनिक ज्याला मजदुरी गर्ने, विपन्न, अहसाय व्यक्ति जो खानै खान नपाउने स्थिति देखेपछि २७ चैत २०७६ बाट ललितपुर महानगरपालिकाले राहत वितरण गर्न सुरु गरेको थियो। महानगरको वडाबाट प्राप्त विवरणको आधारमा प्रत्येक वडाबाट राहत वितरण गरिएको मेयर महर्जनले बताए।

उनका अनुसार त्यतिबेला महानगरले दुई जनाको परिवारलाई पाँच किलो चामल, एक किलो दाल, एक प्याकेट नुन, साबुन दुईवटा, चिउरा एक किलो र तेल आधा लिटर वितरण गरेको थियो। तीन जना वा तीनभन्दा माथिका परिवार संख्या भएकालाई १० किलो चामल, दुई किलो दाल, एक प्याकेट नुन, तीन वटा साबुन, डेढ किलो चिउरा र आधा लिटर तेल वितरण गरिएको थियो।

ललितपुर महानगरपालिकाको समन्वयमा हाम्रो सानो प्रयास नेपालले सातदोबाटो र पाटन अस्पतालका बिरामी र कुरुवालाई लकडाउनमा खानासमेत खुवाएको थियो। महानगरको वडा नं. ३, १५ र १७ ले दैनिकी गुजार्न समस्या परेका वडाभित्रका विपन्न परिवारलाई लक्षित गर्दै वैशाख १५ देखि सामूहिक मेस सञ्चालन गरिएको थियो। जहाँ दिनहुँ करिब ३५० जनासम्मले खाना खुवाएको मेयर महर्जनले बताए।

यस्तै, वडा नं. १५ ले सातदोबाटोस्थित महेन्द्र आदर्श विद्यालय र शान्तिनगरस्थित वन्डरलाण्ड किन्डरगार्डेन स्कूलमा मेस सञ्चालन भएको उनले बताए। ‘महानगरले सबै वडाहरुमा मेस कार्यक्रमका लागि एक लाख रुपैयाँका दरले बजेट छुट्याएको थियो,’ महर्जनले भने।

ललितपुर महानगरपालिको त्यतिबेला नगरवासीका लागि ‘फाइनान्स प्याकेज’ पनि ल्याएको थियो। ‘कोभिडका कारणले मृत्युवरण गरेका परिवारलाई एक लाख ३० हजार रूपैयाँ दियौं। कोभिडका कारण आइसियू, भेन्टिलेटरमा औषधोपचार गरेर फर्कन सफल हुनुभएकालाई ६० हजार रूपैयाँ दियौं,’ मेयर महर्जनले सुनाए, ‘कोभिड पोजिटिभ भएर अस्पताल भर्ना भएका बिरामीलाई ३० हजार रूपैयाँ दियौं।’

### चुकेको स्थानीय सरकार

महामारीका कारण भएको देशव्यापी लकडाउनको समयमा सबैभन्दा बढी मर्कामा दैनिक ज्याला मजदुरी अथवा अनौपचारिक क्षेत्रमा काम गर्ने रोजगारीको सुरक्षा नभएका व्यक्ति एकदमै मर्कामा परेको अर्थविद् डा.गोविन्द नेपाल बताउँछन्। उनका अनुसार काठमाडौं उपत्यकामा ७७ वटै जिल्लाबाट श्रमिकहरु काम गर्न आउँछन्। लकडाउनमा उनीहरुलाई लक्षित गरेर काठमाडौं महानगरले केही गरेन।

‘महानगरले राहत वितरण गरे पनि त्यो एक साताभन्दा बढी पुग्ने थिएन,’ उनले भने, ‘जसले गर्दा धेरै श्रमिक काठमाडौंमा भोकै मर्ने डरले पैदलयात्रा गर्दै घर फर्किन बाध्य भएको देखिए।’ स्थानीय र संघीय सरकारको तर्फबाट दैनिक ज्यालाका भरमा बाँचिरहेकाहरुलाई केही विशेष व्यवस्था गर्नुपर्नेमा त्यस्तो नभएको उनले बताए।

कोभिडको कारणले करिब पाँच लाख मानिस गरिबीको रेखामुनी धकेलिएको अर्थविद् नेपालको आकलन छ। उनले भने, ‘सरकारले धनीलाई ब्याजदरमा छुट, सस्तोमा ऋण पाउने सुविधा दियो तर ज्यालादारी गरेर जीवनयापन गर्नेलाई भने बेवास्ता गऱ्यो।’

नेपालमा कोरोना महामारी सुरु भएसँगै आन्तरिक रोजगारीमा रहेका १० लाखभन्दा बढी श्रमिक एकैपटक बेरोजगार हुन पुगेको राष्ट्रिय योजना आयोगले गरेको कोभिड-१९ सम्बन्धी अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको छ। अध्ययनले २०७७ असार मसान्तसम्म आन्तरिकरूपमा नौ लाख २४ हजार जनाले रोजगारी गुमाएको अनुमान गरेको छ। महामारीका कारण नेपालमा देखापरेको ठूलो समस्यामध्ये बेरोजगारी पनि रहेको उक्त प्रतिवेदनले प्रस्ट पार्छ।

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

कात्तिक २९ गते मंगलबार (तिथिः सप्तमी)

| | |
|---|---|
| **मेष** | आमाबुवालाई लाभको योग छ। |
| **वृष** | धनलाभ हुनेछ। |
| **मिथुन** | सबै काममा सावधानी आवश्यक छ। |
| **कर्कट** | काममा बाधा आउनेछ। |
| **सिंह** | कामको अवसर बढ्नेछ। |
| **कन्या** | अनावश्यक काम नगर्नुहोला। |
| **तुला** | स्वास्थ्यमा विशेष ध्यान दिनुपर्नेछ। |
| **वृश्चिक** | जनसम्पर्क बढ्नेछ। |
| **धनु** | सबै कार्यमा धैर्य राख्नुहोला। |
| **मकर** | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन। |
| **कुम्भ** | अनावश्यक कार्यमा समय खर्च नगर्नुहोला। |
| **मीन** | जग्गासम्बन्धी कार्यमा सफलता मिल्नेछ। |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

कात्तिक २९ गते, २०७९, १४ नोभेम्बर २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ। वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ। अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ।

# गाउँमा पुगेन मतदाता शिक्षा

**जाजरकोट–** भेरी नगरपालिका-२ रिसाङकी काली कार्कीलाई मतदान गर्ने बारेमा केही जानकारी नै छैन । बिहानदेखि बेलुकीसम्म काममा व्यस्त हुने कार्कीलाई भोट खसाल्ने विधि र प्रक्रियाका विषयमा आफू पहिलो मतदाता भएकाले अनविज्ञ रहेको बताए ।

उनले भने, 'अहिलेसम्म आफ्नो घरमा भोट खसाल्ने विषयमा सिकाउन कुनै पनि व्यक्ति आएका छैनन्, सडकको छेउँमै घर भएकाले विभिन्न पार्टीका गाडी यताउति गरेका मात्र देखिन्छन् । कुनै पार्टीका व्यक्ति पनि भोट खसाल्ने विषयमा सिकाउन कोही पनि आएका छैनन् । भोट हाल्नुपर्छ मात्र भन्छन् तर भोट कसरी हाल्ने हो जानकारी दिदैनन् ।'

बारेकोट गाउँपालिका-४ जिरीकी पानसरी रावतले अहिलेसम्म तीन पटक भोट हालेको बताइन् । 'भोट हालियो तर सही भयो की गतल भयो थाहा भएन', उनले भने, 'घरमा श्रीमान्ले जहाँ भन्नुभयो, त्यही भोट हालेकी छु । अहिलेसम्म भोट हाल्न कसैले पनि सिकाएका छैनन् । अनुमानका आधारमा भोट हाल्दै आएको छु ।'

रावत जस्तै डोल्पा मुड्केचुला गाउँपालिका-७ की धनसरा सिंह पहिलो पटक भोट हाल्दै छिन् । उनलाई मतदान गर्ने विधिका विषयमा कुनै जानकारी छैन । कक्षा ४ सम्म पढेर बीचमै छाडेकी सिंहले २७ वर्षको उमेरमा नागरिकता बनाइ पहिलो पटक मताधिकार प्रयोग गर्दै छिन् ।

भारतमा सात वर्ष बिताएर आएकी सिंहको घरमा पाँच जनाको परिवारले पहिलो पटक मतदान गर्दैछ । सिंहले भनिन्, 'कसैले कांग्रेसमा भोट हाल भन्छन् कसैले माओवादी त कसैले एमालेमा भोट हाल्नु भन्छन् तर भोट कसरी हाल्ने हो कसैले पनि सिकाउँदैनन् । अरुलाइ भोट हाल्न म दिन्न । भोट हाल्न थाहा नपाएका व्यक्तिको अर्काले भोट हाल्ने यतातिर चलन छ ।'

डोल्पाका अधिकांश स्थानीय तहमा मतदाता शिक्षा नपुगेको जनप्रतिनिधिले नै बताएका छन् । स्थानीय तहको निर्वाचनमा समेत डोल्पामा धेरै भोट बदर भएका थिए । उपल्लो डोल्पाका तीन पालिकामा उम्मेदवारको प्रचारप्रसारदेखि मतदाता शिक्षा दिने कुनै व्यक्ति कुनै पनि समयमा नपुगेको डोल्पो बुद्ध गाउँपालिका उपाध्यक्ष पेम्मा धोर्चे गुरुङले बताए । उनले भने, 'उपल्लो डोल्पा त अर्कै देश जस्तो छ, यहाँ को पो आउछ र ?, पालिकामा कर्मचारी त आउदैन्, के को मतदाता शिक्षा सञ्चालन हुनु यतातिर ।'

अहिले स्थानीय तहले मतदाता शिक्षाका लागि बजेट परिचालनदेखि अनुगमनसम्मको जिम्मेवारी रहेकाले जिल्ला निर्वाचन कार्यालयसँग सम्पर्क गर्न नचाहेको जिल्ला निर्वाचन कार्यालय डोल्पाका प्रमुख रामबहादुर सार्कीले बताए । उनले भने, 'अनुगमनको जिम्मेवारीसमेत पालिकाकै रहेको छ । उहाँहरु तिहारमा घर गएर भर्खरै आउँदै हुनुहुन्छ । बजेट अहिले कसरी छुट्याउने भनेर आनाकानी गरिरहनुभएको छ ।' *रासस*

## उपत्यकामा...

पृष्ठ १ बाट जारी

चुनावी प्रतिस्पर्धामा छन् ।

अध्यक्ष सिम्खडा भन्छन्, 'मानुषी आफैंमा युवाहरूमाझ लोकप्रिय छिन् । उनको चुनावी माहोल हेर्नुहोस् कस्तो छ ? पूरै गठबन्धनमय छैन ? अनि नजित्ने होला भन्न सक्छौं ?'

माओवादीले काठमाडौं-९ मा कल्पना धमलालाई उम्मेदवार बनाएको छ । सत्ता गठबन्धनको साझा उम्मेदवार उनको प्रतिस्पर्धा एमालेका उम्मेदवार कृष्णगोपाल श्रेष्ठसँग हुँदै छ । दुवैजना पूर्वशिक्षा तथा विज्ञानमन्त्री हुन् । माओवादी अध्यक्ष पुष्पकमल दाहालले पहिलो संविधानसभा चुनाव जितेको दुईमध्येको एउटा क्षेत्र काठमाडौं-१० मा प्रभावशाली नेतृ अञ्जना विशंखे उम्मेदवार छिन् । उनको क्षेत्रमा भने त्रिपक्षीय प्रतिस्पर्धा हुँदै छ । दाहाललाई २०७० सालको संविधानसभा चुनावमा हराएका र २०७४ सालमा माओवादीकै नेता हितमान शाक्यलाई हराएका कांग्रेस नेता राजेन्द्रकुमार केसी प्रतिस्पर्धामा छन् । एमालेबाट हिमेश केसी उम्मेदवार छन् । माओवादीले यस क्षेत्रमा पनि जित निकाल्ने दाबी गर्दै आएको छ ।

काठमाडौं उपत्यकाको सानो जिल्ला भक्तपुरको चुनाव क्षेत्र-१ मा माओवादीबाट सुनिल गोठे उम्मेदवार छन् । उनलाई कांग्रेसको पनि समर्थन छ । यद्यपि, यहाँ नारायणमान विजुक्छे नेतृत्वको दल नेपाल मजदुर किसान पार्टी (नेमकिपा) निकै बलियो छ । प्रजातन्त्र पुनर्वहालीपछि भएका आमचुनावहरूमा लगातार जित्ने पार्टी नै नेमकिपा हो । यहाँ गोठे उम्मेदवार रहेको माओवादी र समर्थन गरेको दल कांग्रेसको संगठन कमजोर छ । यसलाई भने माओवादीले सम्भावित जित्ने चुनाव क्षेत्रको सूचीमा राखेको छैन ।

उपत्यकाको अर्को जिल्ला ललितपुरको चुनाव क्षेत्र-३ भने माओवादीले चुनाव जित्ने आसा गरेको क्षेत्र हो । यहाँ माओवादीबाट ऊर्जामन्त्री पम्फा भुसाल उम्मेदवार छिन् । उनलाई कांग्रेससहित एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा र लोकतान्त्रिक समाजवादी पार्टीको समर्थन छ ।

भुसालले पहिलो संविधानसभा चुनाव २०६४ मा यहीँबाट जितेकी थिइन् । दोस्रो संविधानसभा चुनाव तत्कालीन माओवादी नेता मोहन वैद्य समूहमा लागेर बहिष्कार गरेकी थिइन् । त्यसबेला यहाँबाट कांग्रेसका मदनबहादुर अमात्य निर्वाचित भएका थिए । २०७४ सालमा वाम गठबन्धनको साझा उम्मेदवार बन्दै उनले चुनाव जितिन् । मन्त्री हुँदा राम्रो काम गरेको हुनाले चुनाव जित्ने दाबी भुसालले गर्दै आएकी छन् । यदि यसपटक पनि जितिन् भने उनी काठमाडौं उपत्यकामा चुनाव जितेर 'ह्याट्रिक' गर्ने नेता हुने छिन् ।

राजनीतिक विश्लेषक भीम भुर्तेल भने काठमाडौं उपत्यकामा माओवादी शक्तिमा आउने सम्भावना नरहेको ठोकुवा गर्छन् । उनलाई पम्फाबाहेकका उम्मेदवारलाई चुनाव जित्छन् भन्ने लागेको छैन । कारण उल्लेख गर्दै उनले भने, 'माओवादीको संगठन छैन । माओवादीलाई पत्याउनुपर्ने आधार र कारण पनि छैन । काठमाडौंमा चार लाख मतदाता २०५६ सालपछि जन्मेकाहरू छन् । उनीहरूलाई माओवादीले भनेको परिवर्तनका कुराले छुँदैन ।'

गत असार १९ गतेदेखि २१ गतेसम्म काठमाडौंको कमलादीमा चलेको केन्द्रीय समिति बैठकमा अध्यक्ष दाहालले काठमाडौं उपत्यकामा माओवादीको शक्ति फर्काउने उद्घोष गरेका थिए । त्यसका लागि पार्टी संगठन विस्तारको काम गर्नेगरी उपत्यका विशेष समिति बनाउने प्रचण्डको भनाइ थियो । तर, हालसम्म उपत्यका विशेष समिति भने गठन भएको छैन ।

पछिल्लो समय अध्यक्ष दाहाल उपत्यकामा पार्टी कमजोर बन्दै जाँदा चिन्तित भएका छन् । पहिले माओवादीले जितेको केही क्षेत्रमा एमाले प्रभावशाली बनेको छ । केही क्षेत्रमा कांग्रेस प्रभावशाली छ ।

माओवादी उपत्यकामा कमजोर हुनुका कारणहरू काठमाडौंवासीलाई दाहालले 'सुकिला मुकिला' भनेर सामन्तको रूपमा चित्रित गर्नु, माओवादीबाटै प्रधानमन्त्री भएर डा. भट्टराईले उपत्यकाको विभिन्न ठाउँमा सडक चौडा गर्ने क्रममा घर भत्काइदिनु र नेता वैद्य नेतृत्वमा पार्टी विभाजन हुनुलगायत रहेको विश्लेषण हुँदै आएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BEIJING EMIRATES INTERNATIONAL CONSTRUCTION CO.

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 275567 | चलानी नं. ६०१९१२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 20 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रू. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)

श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL BAYADER TECHNICAL CORPORATION FOR SAFETY EQUIPMENT

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No.275597 | चलानी नं. : ६०१९१२२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and download operator | 1 | 0 | 1500 | ५१,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Broadway Overseas Employment Service Pvt. Ltd.** Govt. License 378/059/060

Gaushala, Pingalasthan, Ktm, Nepal. Tel. : +977 1 4475367/4475368, Fax : +977 1 4475369



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: LABANH FACTORY CO. TRADING

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No.275656 | चलानी नं. ६०१९१२४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950, Email: nocnepal@nassers.org



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MOHAMMED AL-BARGHASH AL-MANSOORI AND SONS TRADING AND CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 275568 | चलानी नं. ६०१९१२३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Janashakti International Services Pvt. Ltd.** श्रम ईजाजत नं. ९९९/०६८/०६९

Basundhara-3, Kathmandu, Nepal. Tel: +977-1-4964020 Cell No: +977-9851093031
Email : info@jisnepal.com, Web: www.janashaktiintl.com



## FREE VISA, FREE TICKET !!!!
## साउदी/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : IBN HAYYAN TRADING CO.

पूर्व स्वीकृति मिति : २०७९/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No.269083 | चलानी नं. ६०१८४९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farmer | 3 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL ARZ AUTOMATIC BAKERY

पूर्व स्वीकृति मिति २०७९/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 272314 | चलानी नं. ६०१८८०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dough Kneader.. | 10 | 0 | 1100 | ३८,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sweet Maker | 10 | 0 | 1300 | ४६,०१० | | | | | | | |

कम्पनी : TRI CONSTRUCT WLL

पूर्व स्वीकृति मिति : २०७९/०५/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No.271648 | चलानी नं. ६०१८७३७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 30 | 0 | 1100 | ३८,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Heavy Vehicle Driver | 5 | 0 | 2200 | ७७,८६० | | | | | | | |
| 3 | Labour | 31 | 0 | 1000 | ३५,३९० | | | | | | | |
| 4 | Mason | 10 | 0 | 1100 | ३८,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

श्रम ईजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653,
Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : TSB INDUSTRIES (M) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/२७ | LT. No. 275368 | चलानी नं. ६०१९११५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 25 | 0 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले   सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

**DREAMLAND MANAGEMENT PVT.LTD.**
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)

Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TROLLEY GENERAL TRADING CO.W.L.L

पूर्व स्वीकृति मिति २०७८/१२/१० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT No.260188 | चलानी नं. ६०१७६४४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 11 | 30 | 140 | ५८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 3 | 0 | 95 | ३९,७६५ | | | | | | | |
| 3 | Inventory Controller | 11 | 0 | 170 | ७१,१६० | | | | | | | |
| 4 | Sales Associate | 0 | 15 | 140 | ५८,६०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-4383350/4382095, 984-5642103
Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHLOOD TRADING CONT AND SERVICES

पूर्व स्वीकृति मिति : २०७८/११/१८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 258726 | चलानी नं.६०१७५२९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason | 3 | 0 | 1200 | ४२,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Painter | 3 | 0 | 1200 | ४२,४७० | | | | | | | |
| 3 | Plaster Worker | 4 | 0 | 1200 | ४२,४७० | | | | | | | |
| 4 | Plumber | 2 | 0 | 1200 | ४२,४७० | | | | | | | |

कम्पनी : AL KHLOOD TRADING CONT AND SERVICES

पूर्व स्वीकृति मिति : २०७८/०६/२५ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 247894 | चलानी नं.६०१६५२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४२,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Mason | 4 | 0 | 1200 | ४२,४७० | | | | | | | |
| 3 | Plaster Worker | 4 | 0 | 1200 | ४२,४७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ११७७/०७३/०७४

Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GHARRAH INTERNATIONAL FOR GEN. TRADING & CONT.COMPANY

पूर्व स्वीकृति मिति २०७९/०५/०५ | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०७/२८ | LT. No. 270021 | चलानी नं. ६०१८५७९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant , Spare Parts | 2 | 0 | 150 | ६२,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Bulldozer Operator | 3 | 0 | 170 | ७१,१६० | | | | | | | |
| 3 | Carpenter | 4 | 0 | 160 | ६६,९७० | | | | | | | |
| 4 | Crusher & Screening Plant Operator | 5 | 0 | 150 | ६२,७८५ | | | | | | | |
| 5 | Desel Mechanic Foreman, Heavy Equipment | 1 | 0 | 200 | ८३,७१५ | | | | | | | |
| 6 | Electrician , Automotive | 2 | 0 | 160 | ६६,९७० | | | | | | | |
| 7 | Electrician Foreman (Automotive) | 1 | 0 | 200 | ८३,७१५ | | | | | | | |
| 8 | Excavator Operator | 2 | 0 | 170 | ७१,१६० | | | | | | | |
| 9 | Heavy Trailer Driver | 25 | 0 | 170 | ७१,१६० | | | | | | | |
| 10 | Hydraulic Mechanic, General | 3 | 0 | 180 | ७५,३४५ | | | | | | | |
| 11 | Hydraulic Mechanical Engineer | 1 | 0 | 300 | १२५,५७५ | | | | | | | |
| 12 | Labors (General) | 10 | 0 | 140 | ५८,६०० | | | | | | | |
| 13 | Loader Operator | 10 | 0 | 170 | ७१,१६० | | | | | | | |
| 14 | Mason | 4 | 0 | 160 | ६६,९७० | | | | | | | |
| 15 | Office Secretary | 0 | 2 | 170 | ७१,१६० | | | | | | | |
| 16 | Spare Parts Salesman | 6 | 0 | 170 | ७१,१६० | | | | | | | |
| 17 | Steel Fixture | 1 | 0 | 150 | ६२,७८५ | | | | | | | |
| 18 | Tire Man (Professional) | 2 | 0 | 140 | ५८,६०० | | | | | | | |
| 19 | Warehouse Supervisor | 2 | 0 | 200 | ८३,७१५ | | | | | | | |
| 20 | Welder | 5 | 0 | 160 | ६६,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### वैदेशिक रोजगार नीति पुनरवलोकनमा ढिलाइ

सरकारले बनाउने जुनसुकै ऐन कानुन तथा नीतिहरु समसापेक्ष बनाउँदै लैजानुपर्छ । तर, नेपालमा निर्णायक तहमा बसेकाहरुको ध्यान त्यसमा पुगेको हुँदैन । वर्षौं पहिले बनेका ऐन कानुन, नीतिहरु असान्दर्भिक बनिसकेका हुन्छन् । किनभने, विश्व परिदृश्य हरेक दिन, हरेक सेकेण्डमा परिवर्तन भइरहेको हुन्छ । उक्त परिवर्तनसँगै मुलुकले लिने नीतिलाई पनि त्यसअनुकूल बनाउनुपर्ने आवश्यकता हुन्छ । नेपालका शासकहरुको ध्यान यस्तोमा किन जाँदैन भन्ने प्रश्न सधैं उठिरहेकै हुन्छ । तर, पनि समय र विश्वको परिवर्तित परिदृश्यअनुसार उनीहरु चल्न सकेका छैनन् । यसको उदाहरणको रुपमा लिन सकिन्छ, वैदेशिक रोजगार नीति–२०६८ ।

वैदेशिक रोजगार नेपालीहरुका लागि बाध्यात्मक अवस्था बनिरहेकोमा दुई मत छैन । स्वदेशमा रोजगारीको अवसर सिर्जना गर्न नसकेको सरकारले वैदेशिक रोजगारीलाई थप व्यवस्थित गर्न ११ वर्षअघि यो नीति ल्याएको थियो । त्यसयताको अवधिमा श्रम बजारका आयामहरुमा व्यापक परिवर्तन आइसकेको छ । प्रविधिको विकाससँगै वैदेशिक रोजगारीमा नयाँ–नयाँ अवसरहरुसँगै चुनौतीहरु थपिएका छन् । तर, सरकारले बनाएको वैदेशिक रोजगार नीतिमा कुनै परिवर्तन गरिएको छैन । राष्ट्रिय योजना आयोगको एक अध्ययनले नै यो असान्दर्भिक भइसकेको पुष्टि गरिदिएको छ ।

आयोगले वैदेशिक रोजगार नीति–२०६८ समय सान्दर्भिक नभएको भन्दै परिमार्जन गर्नुपर्ने सुझाव दिएको छ । आयोगको 'वैदेशिक रोजगार नीति–२०६८ को पुनरवलोकन अध्ययन प्रतिवेदन २०७९' मा २०६८ को पृष्ठभूमिमा उल्लिखित विषय सन्दर्भहरु हाल असान्दर्भिक रहेको उल्लेख गरेको छ । प्रतिवेदनले उक्त असान्दर्भिक नीति परिमार्जन गर्नुपर्ने औंल्याएको हो ।

हालसम्मका श्रम नीति र कानुनहरुले श्रमिकको आवागमन र हक अधिकार सुनिश्चित गर्न नसकेको प्रतिवेदनमा उल्लेख गरिएको छ । अबको नीति प्रविधि, अन्तर्राष्ट्रिय श्रमबजार र आवागमनमा आएका परिवर्तनहरुलाई ध्यान दिएर परिमार्जन गर्नुपर्ने सुझाव दिइएको छ । स्वरुपमा हालको नीति ठीकैजस्तो देखिए पनि सारमा यसको परिमार्जन अपरिहार्य भइसकेको र यस नीतिले समस्या तथा चुनौतीहरु पहिल्याउन सहयोग पुर्‍याएको बताइएको छ । वैदेशिक रोजगारीबाट दिगो विकासको परिकल्पना गरिएको भन्दै यसलाई अबको नीतिमा निरुत्साहित गर्नुपर्छ भन्ने अर्थ लाग्नेगरी देशभित्रै रोजगारी खोजी गर्ने विषयलाई जोड दिनुपर्ने आयोगको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

पुनरवलोकन अध्ययन प्रतिवेदनले तत्कालका लागि रेमिटचान्सका लोभमा वैदेशिक रोजगारी राम्रै देखिए पनि दिगो विकासको दृष्टिले राम्रो नभएको निष्कर्ष निकालेको छ । तर, स्वदेशमै रोजगारी उपलब्ध नभएसम्म विदेशमा काम गर्न जानुपर्ने बाध्यतालाई नकार्न सकेको छैन । आयोगको प्रतिवेदनमा वर्तमान नीतिका कमजोरीहरु, सच्याउनुपर्ने विषयहरु, थप गर्नुपर्ने विषयहरु, र हटाउनुपर्ने विषयहरुलाई व्याख्यात्मकरुपमा उल्लेख गरिएको छ ।

सम्भावित गन्तव्य मुलुकको श्रमबजार सर्वेक्षण गरी भाषा तथा सीप विकास गरेरमात्रै वैदेशिक रोजगारीमा पठाउने विषयलाई प्राथमिकताकासाथ नयाँ नीतिमा राख्नु उपयुक्त हुने पुनरवलोकन अध्ययन प्रतिवेदनको निष्कर्ष छ । आयोगले दिएका यी सुझावहरुलाई आत्मसात् गरी तत्काल वैदेशिक रोजगार नीति पुनरवलोकन गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अग्रसरता लिनुपर्छ । यस्ता नीतिहरुलाई समय सान्दर्भिक बनाउन अति आवश्यक हुने हुँदा यसमा ढिलाइ गरिनुहुन्न ।

## मनन्योग्य

### चाणक्य नीति

राजवैद्य असमञ्जसमा पार्दै विरोध गरी भन्न थाले- 'अह महामात्य ! वैद्यका लागि रोगी पुत्रसमान हुन्छ । जस्ले नन्दको हत्या गर्‍यो त ऊ हत्यारा हो । तर यो समयमा ऊ रोगी हो । यदि उसले मेरै पुत्रको हत्या गरेको भए पनि आफ्नो नजिकमा आउने हत्यारा रोगीलाई मृत्युको मुखमा धकेल्न सकिँदैन वैद्यको धर्म जीवन रक्षा गर्नु हो जीवनको हत्या गर्नु होइन ।'

'यो सबै उचित छ, तर राजा पिता बराबर हुन्छ । मातृभूमिको रक्षा गर्ने थियो महानन्द । हामीले आफ्नी आमाको सिउँदोको सिन्दूर पुछ्ने हत्यारालाई यसै छाडिदिन हुन्न । मातृभूमिले हामीलाई कहिल्यै क्षमा गर्दिनन् । म त अब जाँदैछु, मेरो समय छैन, चाणक्यका गुप्तचर पाइला-पाइलामा फैलिएका छन् । ठूलो विकट परिस्थितिमा ज्यान हत्केलामा राखेर आएको हुँ ।अब जस्तो उचित ठान्नुहुन्छ त्यही गर्नुहोस् ।'यति भनेर पुनः रोगीको भेषमा राक्षस त्यहाँबाट निस्कियो ।

राजवैद्य आफ्नै अन्तर्द्वन्द्वमा घेरियोस् । उसका मस्तिष्कमा विचारका भुमरी उठ्न लागे । एकातिर मातृभूमिको कर्तव्य त अर्कोतिर आफ्नो व्यवसायी धर्म । यही उल्झनमा भएकाले उसलाई राजमहलबाट आएको अनुचरबारे पत्तो पनि भएन, अनुचर बोल्दा थाहा मात्र पायो कि ऊ चन्द्रगुप्त अस्वस्थ भएको समाचार लिई आएको थियो । उनले एकछिन विचार गरी एक निर्णय गर्दै आफ्नो औषधिको पेटिका बोकी अनुचरका साथ लागे ।

राजमहलमा आफ्नो शय्यामा इन्तु न चिन्तु भएझैं चन्द्रगुप्त सुतेका थिए । सेविकाहरु पंखा हम्की रहेथे । अरु दासदासीहरु कुनै आदेशको प्रतीक्षमा खडा थिए । राजवैद्य आउनासाथ सबै उठी खडा भए । राजवैद्यले सबैलाई बाहिर पठाई एकान्त गराए । त्यसपछि राजा चन्द्रगुप्तको नाडी छाम्न लागे । चन्द्रगुप्तलाई कुनै रोग नलागेको चाल पाए । केवल थकावट मात्र भएको बुझिहाले तथापि निकै नै गर्रिएर रोगीलाई जाँच्ने उपक्रम गर्दैरहे । अनि लामो सास फेर्दै राजालाई भन्दछन्- ' चिन्ता नगरौं महाराज ! केही समय पूरापुर आराम गरे पुग्दछ । कसैले पनि कुराकानी गरेर महाराजलाई झिजो नदेओस् । म औषधि दिन्छु । विहानसम्ममा निको भइजाला ।'

क्रमशः

# चुनावी सरोकार : पहुँच र महत्त्व



अनिल नेपाली

आसन्न प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको रौनक देशभर छाएको छ । हिमाल, पहाड, तराई, गाउँ-सहरमा चुनावी आकर्षण बढिरहेको छ । चोक, चियापसल, सार्वजनिक स्थल र बस्तीहरुमा चुनावी बहस तथा दलगत रमाइला गीतसंगीत गुञ्जयमान छ । चुनावको मुख्य आकर्षण भनेको सबैमाझ चुनावी सरोकारको पहुँच पुग्नु हो । हरेक वर्ग, लिंग, जाति, समुदाय, सम्प्रदाय, भाषाभाषीका नागरिकले चुनावसँग उत्साहपूर्ण सरोकार राख्छन् भने त्यो लोकतान्त्रिक प्रणाली पुस्तान्तरणका निम्ति दिगो, मजबुत र कल्याणकारी दिशामा सबल हुँदै गइरहेको शुभ संकेत हो ।

मुलुकमा प्रजातन्त्र स्थापनाको चरण यस्तो थियो जतिबेला चुनावको निम्ति पैसा, भोजको प्रदर्शन र प्रतिस्पर्धा हुँदैनथ्यो । न त कार्यकर्ताले दलमा निःस्वार्थ भूमिका र समाज सेवाबाहेक लाभको अभ्यास र महत्त्वाकांक्षी अपेक्षा गर्थे । जनताको सेवाबाहेक उम्मेदवारमा शक्ति र सम्पत्ति आर्जनको महत्त्वाकांक्षा किमार्थ हुँदैनथ्यो । दुर्भाग्यवश हुन पुगे त्यसको पनि सीमा हुन्थ्यो । देश र जनताको सेवा गर्नु नेताको परम धर्म ठान्थे र जनता पनि निःसर्त विश्वास गर्थे । निर्वाचनमा सहभागी भएर आफूलाई मन परेको नेतालाई मतदान गर्न पाउनु जनताले सौभाग्यको प्रतीक मान्दथे । देशभर चुनावी पर्वोत्सव हुन्थ्यो । जनता खुसी हुन्थे । गर्व गर्थे । मतदानपछि परिवर्तन आउँछ, देशमा विकास हुन्छ भन्ने जनतामा विश्वास र उत्साह हुन्थ्यो । मानौं, त्यो चुनावी स्वर्णिम समय थियो ।

आज संघीय लोकतान्त्रिक गणतन्त्र नेपालसम्म मुलुक आइपुग्दा विभिन्न चरणका निर्वाचनको सामना गरेका जनताले चुनावप्रति जबर्जस्ती आकर्षण, दबाब र प्रभावबाहेक सरोकार राख्नै छोडिसके । मार्क ट्वेनले चुनावबारे टिप्पणी गरेका छन्, 'यदि भोटले परिवर्तन आउँथ्यो भने उनीहरुले हामीलाई भोट गर्न दिने नै थिएनन् ।'

यस्तै भयो । हाम्रा उम्मेदवार इमान्दार नभएसम्म भोटले मात्र विकास र परिवर्तन चमत्कारबाहेक कठिन रहेछ भन्ने जनताले बुझे, र चुनावी सरोकारमा विकर्षण बढाउँदै गए । नागरिक उत्तरदायित्वको सिद्धान्त पनि समयको बदलिँदो बहावसँगै यसरी विकर्षण हुँदै गयो । नेतामा इमान्दारिता, नैतिकता, देशमा सुशासन, सुरक्षा र पारदर्शिता सुनिश्चित नभएसम्म सरकारको आज्ञाकारी भएर नागरिकले मतदान गर्नुबाहेक आधारभूत चुनावी सरोकारप्रति रुचि राख्दैनन् । न त मतदाता शिक्षाको पहुँचले नागरिकलाई चुनावी सरोकारप्रति आकर्षित गराउने सामर्थ्य राख्छ ।

चुनावी सरोकारको पहुँचमाथि पनि उम्मेदवारको बदलिँदो पुँजीवादी प्रवृत्तिको आक्रामक हस्तक्षेप निरन्तर भइरहेको कारण मतदाता आफ्ना उम्मेदवारलाई शिक्षा, स्वास्थ्य, रोजगार, पूर्वाधार, निर्माण, समृद्धि र सुरक्षाबारे खुलेर रचनात्मक प्रश्न गर्दैनन् । जनता थाके ? प्रभाव र दबाबमा परे या चुनावी सरोकारको पहुँचबाट वञ्चित भए ? मात्र सरकारको आज्ञाकारी नागरिक भएर तोकिएको निर्वाचनको दिनमा मतदान गर्छन् । यसको गम्भीर असर निर्वाचनमा नागरिक उत्तरदायित्वप्रति मतदाताको मनोविज्ञान विचलित हुँदै गएको छ ।

अतः आवधिक निर्वाचनमा चुनावी सरोकारजस्तो महत्त्वपूर्ण चेतनाको हिस्सा जनताको मनोविज्ञानबाट स्खलित हुँदै गइरहेको छ, यो समग्र लोकतान्त्रिक प्रणालीकै निम्ति अशुभ संकेत हो । खराब परिणामभन्दा पूर्वानुमान हितकर हुन्छ । चुनावी सरोकारमा सहभागी हुनुपर्ने मतदाताको आधारभूत दायित्वको अभावमा वा लोकतन्त्रमाथि उम्मेदवारहरुको चरम पुँजीवादी प्रवृत्तिको हस्तक्षेपले अघोषितरुपमा चुनाव भनेकै पैसा, भोज, दलीय मनोरञ्जन तथा आम्दानी र शक्ति साम्राज्यको बेजोड प्रवेशद्धारको रुपमा मनोभाव विकसित हुँदै छ । निर्वाचनप्रति मौलाउँदो दलगत यो विषाक्त मनोभाव र प्रवृत्तिले प्रजातन्त्रदेखि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालसम्मका मूर्त, अमूर्त तथा आमूल उपलब्धिहरुमाथि स्वयं हस्तक्षेप त गरिरहेको छ । यसबारे निर्वाचनमा सहभागिताका निम्ति योग्य दलहरुबीच विनासर्त, विनास्वार्थ राष्ट्रिय राजनीतिमा बृहत् साझा विमर्श गर्नैपर्ने आधारभूत सर्त निर्वाचन आचारसंहिताको जोड हुन सक्छ । निर्वाचन आयोगले निर्वाचन आचारसंहिताको बुँदामा यस्तो मौलिक अभ्यासको सुत्रात्मक हिस्सा समेटेर चुनावी प्रचारप्रसारमा दलगत मनमौजी प्रयासमाथि सूक्ष्म हस्तक्षेप गर्न सक्छ ।

अहिलेको माहोलमा निर्वाचन आचारसंहिताले दलहरुको चुनावी प्रचारप्रसारमा भड्किलो नारा, जुलुस, भेला र आमसभाजस्ता मूर्त गतिविधिहरुमा कानुनी र हस्तक्षेपकारी भूमिका खेले पनि जनमानस र लोकतान्त्रिक प्रणालीमाथि पर्ने अमूर्त असरमाथि हस्तक्षेपको असफलताबारे जवाफ सम्बन्धित निकायले दिन सकेको छैन । यो सकस हरेक निर्वाचनसम्म लम्बिनु हुँदैन । किनकि, हाम्रो समग्र लोकतान्त्रिक प्रणालीलाई प्रतिगामी, प्रतिशोधपूर्ण, अवसरवादी र पुँजीवादी तत्त्वहरुले आफूअनुकूल उपयोग गरेर हाम्रो राष्ट्रियता, स्वाधीनता र स्वतन्त्रतामाथि विष वर्षा गर्ने छन् । तसर्थ, सम्पूर्ण मतदाताले मतदानको महत्त्व राम्ररी बुझेर चुनावी सरोकार राख्नुपर्छ । नागरिकको चुनावी सरोकारविनाको मतदानले न त लोकतन्त्र दिगो हुन्छ न देशको समृद्धि र विकास हुन्छ । अन्यथा मतदाता 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने उखानको मनोविज्ञानबाट ग्रसित भइरहने छन् ।

#### चुनावी सरोकारको सवाल

अहिले सञ्चारमाध्यममा सबैभन्दा धेरै चुनावका खबरहरु पढ्न र सुन्न पाइन्छ । खेतबारी, बाटोघाटो, पानीपँधेरो, चियापसल सबैतिर उम्मेदवारहरु भोट माग्दै गरेको अवस्थामा भेटिन्छन् । कतिपयले रक्तदान गरेर, खेतबारीमा काम गरिदिएर, मतदाताको खुट्टासमेत ढोगेर मत मागेका समाचार बनेका छन् । किनकि, उनीहरु मतको शक्ति, महत्त्व र लाभबारे सबैभन्दा बढी जानकारी छन् । त्यसैले उनीहरु चुनावी सरोकारमा अग्रपंतिमा छन् । तर, समाजमा रहेका गरिब, किसान, निमुखा, सर्वहारा मजदुर वर्गमा चुनावी सरोकारको पहुँच पुगेको छ ? के उनीहरुमा चुनावको आकर्षण र मतदानको महत्त्वबारे जानकार छन् ? के उनीहरु एउटा सचेत नागरिकले संकल्प गरेझैं निर्वाचनपछि परिवर्तनको मूर्त परिकल्पना गर्ने दृढता राख्छन् ? वा विगतमा हाम्रा जनप्रतिनिधिहरुप्रतिको अविश्वासको जड दृढतापूर्वक चिर्ने संकल्पसहित मतदान गर्छन् ?

चुनावमा मतदान गर्नुमात्र नागरिकको दायित्व होइन । उम्मेदवारसँग आधारभूत प्रश्न गर्ने, चित्तबुझ्दो जवाफ खोज्ने, मतदाता शिक्षाबारे राम्ररी जानकारी राख्ने, उम्मेदवारका बाचापत्रबारे चासो राख्नेजस्ता मतदाताको क्रियाकलापले चुनावी सरोकारलाई पृष्ठपोषण गर्छ ।

जब यी सबै क्रियाकलापप्रति मतदाता आकर्षित हुँदैनन्, भोलि जनप्रतिनिधिले मतको दुरुपयोग गरे पनि उसलाई खबरदारी गर्ने, बाचापत्र कार्यान्वयन गर्न झकझक्याउने, प्रश्न गर्ने, विकास निर्माण, सुशासनमा ध्यानाकर्षण गराउने, समृद्धिमा सहकार्य गर्न सघाउने, लोकतन्त्रप्रति नागरिक दायित्व वहन गर्नेजस्ता काममा आफ्नो भूमिकालाई नागरिकले निष्क्रिय राख्छन् । यसको दिगो असर मुलुकको आर्थिक, भौतिक, सामाजिक, राजनीतिक, प्रशासनिक, साँस्कृतिकलगायत सबै क्षेत्रमा पर्छ ।

अहिले हामी जुन अवस्थामा गुज्रिरहेका छौं यसको जड चुनावसँग सरोकार नराख्ने, उम्मेदवारलाई प्रश्न नगर्ने, विकास र सुशासनमा सरकारी संयन्त्रको कार्यसम्पादनमा चासो नराख्ने प्रवृत्तिको परिणाम हो । मतदाता चुनावी सरोकारबाट वञ्चित रहनु हो । नेताहरु भौतिकवादी हुँदै गए । कांग्रेसले समाजवाद बिर्सँदै गयो । कम्युनिस्टहरु 'कमाउनिस्ट' हुँदै गए । सिद्धान्त बिर्सिँदै गए । नेताहरु राष्ट्रियता, विकास र समृद्धिप्रति गैरजिम्मेवार हुँदै गए । उनीहरुप्रति जनताको विश्वास घट्दै गयो । अन्ततः चुनावसँग सरोकार राख्नुपर्ने नागरिक दायित्वबाटसमेत जनता क्रमशः विचलित हुँदै गए । यसको प्रत्यक्ष असर देशको समग्र विकासमा पर्‍यो र आज हामी जहाँ छौं त्यही अनुचित पद्धतिको परिणाम हो ।

आज गरिब, किसान, निमुखा, सर्वहाराको सेवा गर्ने प्रतिबद्धतासहित मत माग्दै उम्मेदवार गाउँ-सहरका घरघर पुगेका छन्, तर तराईका मिटरब्याजपीडितहरु न्याय खोज्न राजधानी पसेका छन् । शरद् ऋतुमा खेतमा धान काट्दै गरेका किसानहरुको बर्सेनि समयमा मल नपाएर पीडा भोग्नुपरेको छ । उम्मेदवार भोट माग्छन्, मतदाता मल । वित्तीय संस्थाले उठीबास लगाएका पीडितहरु बढ्दै गएका छन् । बाढीपहिरो पीडितहरुको के छ हाल ? गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्योपचारको पहुँचभन्दा बाहिर रहेका यी सबै पीडितहरुको, मानौं चुनावसँग कुनै सरोकार छैन । मतदानको कुनै औचित्य छैन । यो विडम्बनाको बाबजुत सरकारको आज्ञाकारी भएर तोकिएको दिन मतदान गर्नु छ । जनताले ल्याएको लोकतन्त्र जोगाउनु जनताको कर्तव्य हो तर समाजको सबैभन्दा पीँधमा रहेको समाजसम्म चुनावी सरोकारको पहुँच नहुनु लोकतन्त्रप्रतिको सबैभन्दा अपमान हो ।

प्रत्येक चुनावले हरेक जाति, वर्ग, लिंग, समुदाय, भाषाभाषी तथा उत्पीडितहरुका निम्ति महत्त्वपूर्ण सरोकार राख्दछ । मुलुकलाई यो व्यवस्थासम्म ल्याउन उनीहरुको रगत पसिनाको ठूलो लगानी भइसकेको छ । गरिब देशको ढुकुटी असीमित सकिएको छ । लेखाजोखा गर्ने हो भने उपलब्धिभन्दा लगानी बढी भइसकेको छ । अब यो व्यवस्थामा टेकेर हामीले ल्याएको लोकतन्त्रको उपलब्धिबारे स्थानीय, क्षेत्रीय र राष्ट्रियरुपमा बृहत्तर बहस गरी दलहरुको साझा प्रतिबद्धतापत्र बनाउन आवश्यक छ । त्यसका लागि हरेक नागरिक, प्रत्येक वर्ग समुदायमा चुनावी सरोकारको पहुँच हुनु आवश्यक छ ।

#### ज्येष्ठ नागरिकको चुनावी सरोकार

प्रजातन्त्रदेखि मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थासम्म ल्याउन ज्येष्ठ नागरिकहरुको योगदान ऐतिहासिक भएकाले खास उनीहरुको निम्ति यो र प्रत्येक चुनावी सरोकार अर्थपूर्ण हुन्छ । युवा पुस्ताले चुनावी सरोकारलाई संवेदनशील, बढी जिम्मेवार र श्रेयपूर्ण तरिकाले लिएका हुन्छन् भने नाती पुस्ताले अवसरको रुपमा लिएका छन् ।

पञ्चायती व्यवस्थादेखि नै मतदान गर्दै आएका कतिपय ज्येष्ठ नागरिकहरु यो निर्वाचनमा मतदान गर्न सहभागी हुँदै छन् । तर, देश बनाउँछौं भनेर मत माग्ने उम्मेदवारहरुलाई कैयौंपटक भोट दिएका ज्येष्ठ नागरिकहरु अझै उनीहरुप्रति खुसी छैनन् । अनेक प्रलोभन देखाएर भोट माग्छन् तर जितेर गएपछि जनता र तिनका समस्यालाई चटक्कै भुल्ने सांसदहरुबाट दिक्क छन् तर पनि डुबेपछि उत्रिन जो कोहीले परालको त्यान्द्रो पनि समाउन खोज्छ भनेझैं मर्ने बेलासम्म देशको अवस्था परिवर्तन होला कि भनेर ज्येष्ठ नागरिक मतदान गर्छन् । ज्येष्ठ मतदाताको अपेक्षा तुलनात्मक रुपमा संकुचित नभएकाले चुनावी सरोकारलाई प्राथमिकतामा राख्छन् । उनीहरुले मुलुकमा आएको पटक-पटकको व्यवस्था र अवस्थालाई सबैभन्दा नजिकबाट मूल्यांकन गरेका छन् । अझै पनि जनप्रतिनिधिबाट चित्तबुझ्दो जवाफ पाएका छैनन् ।

तर, पनि भोट माग्न आउने उम्मेदवारलाई प्रश्न गर्न छोड्दैनन् । विगतमा उम्मेदवारले भोट माग्दा गरेका बाचालाई भुलेका छैनन् र प्रश्न गरिरहन्छन् । कतिपय भूमिहीन नागरिकहरुले लालपुर्जा पाएर आफ्नै नम्बरी जग्गामा घर बनाएर बस्ने सपना छ । प्रत्येक निर्वाचनमा उम्मेदवारले कुनै न कुनै आश्वासन देखाएर भोट माग्छन् तर जितेपछि बाचा बिर्सिन्छन् । र, पनि ज्येष्ठ नागरिक यो र प्रत्येक निर्वाचनमा सरोकार राख्छन् ।

हामीले ल्याएको लोकतन्त्रको दिगोपनको निम्ति निर्वाचन र अनिवार्य मतदान गर्नु नागरिक उत्तरदायित्व हो । नेताप्रति गुनासा छन्, उम्मेदवारसँग सोध्नुपर्ने धेरै प्रश्न छन् । तर, उनीहरुप्रति असन्तुष्ट हुँदैमा हामीले चुनावसँग सरोकार नै नराख्ने भन्ने हुँदैन । अतः नेताले हामीमाथि शासन गर्न चामत्कारिक करुपमा सत्तामा पुगेका होइनन् हामीले पुर्‍याएका हौं । चुनाव भनेको देश र जनताको भाग्य र भविष्यको फैसला गर्ने अवसर पनि हो । भिक्टर फचांक प्रथमको भनाइ जस्तै- 'जब हामी आफ्नो स्थिति परिवर्तन गर्न सक्दैनौं, तब आफैंलाई परिवर्तन गर्न बाध्य हुन्छौं ।'

> अहिले हामी जुन अवस्थामा गुज्रिरहेका छौं यसको जड चुनावसँग सरोकार नराख्ने, उम्मेदवारलाई प्रश्न नगर्ने, विकास र सुशासनमा सरकारी संयन्त्रको कार्यसम्पादनमा चासो नराख्ने प्रवृत्तिको परिणाम हो । मतदाता चुनावी सरोकारबाट वञ्चित रहनु हो । राजनीतिक दलहरूले सिद्धान्त बिर्सिँदै गए । नेताहरू राष्ट्रियता, विकास र समृद्धिप्रति गैरजिम्मेवार बन्दै गए । उनीहरूप्रति जनताको विश्वास घट्दै गयो । अन्ततः चुनावसँग सरोकार राख्नुपर्ने नागरिक दायित्वबाटसमेत जनता क्रमशः विचलित हुँदै गए ।

अर्थात् 'समृद्ध नेपाल, सुखी नेपाली'को नारालाई पूरा गर्ने यो ऐतिहासिक अवसरमा योग्य उम्मेदवारलाई जिताएर पठाउन हामी मानसिकरुपमा परिवर्तन भएनौं भने देश र जनताको भाग्य र भविष्यको फैसला गर्ने यो सुनौलो अवसरबाट हामी उही पुरातन चिन्तन, निराशाको भूमरी र अक्षमतातर्फ फर्किनेछौं । त्यसैले चुनावपछि नेतालाई गाली नगरौं । देशको अवस्थाप्रति गुनासो नगरौं । प्रणालीलाई घृणा नगरौं । प्रशासनप्रति प्रश्न नगरौं । आज मतदाता शिक्षाप्रति जानकारी राखौं । चुनावी सरोकारलाई प्राथमिकता दिऔं ।

## पत्र–मञ्जुषा

### चुनावमा घर जाने यात्रुलाई सास्ती

यतिखेर मुलुकभर चुनावी माहोल तातेको छ । मंसिर ४ गते हुन लागेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा मत हाल्नका लागि घर जानेको संख्या केही दिनयता ह्वात्तै बढेको छ । शिक्षा, रोजगारीका लागि काठमाडौं उपत्यकामा ७७ वटै जिल्लाका नागरिक बस्छन् । गएको महिना दसैं मनाउनका लागि काठमाडौंबाट २८ लाख सर्वसाधारण आफ्नो घर फर्किएका थिए ।

अहिले चुनावका लागि घर जानेको संख्या पनि उस्तै छ । गोंगबु बसपार्कमा टिकट काट्नेको भीड छ । काउण्टरमा टिकट छैन भन्छ तर बिचौलियाहरुले एक हजार रुपैयाँ पर्ने टिकटलाई १५ सयमा बेचिरहेका छन् । विद्यार्थी, ज्येष्ठ नागरिक र अपांगता भएकाहरुलाई छुट पनि दिइएको छैन । काउण्टरमा टिकट पाइँदैन, बिचौलियाबाट लिँदा छुटको कुरा गर्ने ठाउँ रहँदैन ।

कलंकी, बल्खु, कोटेश्वर, जडीबुटी, सल्लाघारी, सूर्यविनायकलगायतका स्थानमा गाडी कुरेर बस्नेको अत्यधिक चाप छ । कलंकीबाट चितवन गएको भाडा सरकारले तोकेअनुरुप ७०० रुपैयाँ हो । १२ सय रुपैयाँ तिरेर जानुपर्ने बाध्यता छ । त्यही पनि गाडी पाइए त हुन्थ्यो नि ! बल्खुबाट हेटौंडा गएको ६०० रुपैयाँ छ तर लिइरहेको छ, एक हजार । जडीबुटीबाट पाँचखाल गएको भाडा १२० रुपैयाँ छ । तर, यात्रुलाई ५०० रुपैया तिरेर यात्रा गर्नुपर्ने बाध्यता छ । कोटेश्वरबाट सिन्धुली गएको भाडा ७०० रुपैयाँ छ । तर, टिकट काट्ने काउण्टर र यातायात व्यवसायीले १५ सय रुपैयाँसम्म लिइरहेको सर्वसाधारण बताउँछन् । गाउँ जाने सर्वसाधारणको संख्या ह्वात्तै बढेको छ । यातायात व्यवसायीले सिटभन्दा बढी यात्रु बोकेर हिँडिरहेका छन् । दोब्बर भाडा तिरेर उभिएर यात्रा गर्नुपर्ने बाध्यता छ ।

यातायात व्यवसायीले नक्कली सिट हालेरसमेत यात्रा गराइरहेका छन् । तर, यातायात व्यवस्था विभाग र ट्राफिक प्रहरी महाशाखाले अनुगमन गरेको छैन । गत सातादेखि गाउँ जानेको चाप ह्वात्तै बढेको छ । उपत्यका छोड्ने गाडीहरु एकदमै प्याक देखिन्छन् । आफ्नो उम्मेदवार जिताउन र चुनावी प्रचारप्रसारमा सहभागी हुन भटाभट काठमाडौं छोडिरहेका छन् ।

निर्वाचन भनेको जनताका लागि ठूलो चाड हो । आफ्नो मतदान गर्ने अधिकारको प्रयोग गर्न पाउनु पनि ठूलो कुरा हो । भोलि आफ्नो क्षेत्रमा विकास होला, रोजगारी पाइएला भनेर महँगो भाडा तिरेर हुन्छ कि उभिएर यात्रा गरिरहेका छन् । यातायात व्यवसायीलाई यतिखेर दसैं लागेको छ । कमाउने मौका जो पाएका छन् । यता, कतिपय त उम्मेदवारले बुक गरेर गाडीमा गइरहेका छन् ।

कति आफ्नै खर्चमा झोलाझचाम्टा बोकेर हिँडेका छन् । यतिखेर भाडा यातायात व्यवसायीको जिब्रोमा छ । उनीहरुले जति भन्यो त्यति तिरेर यात्रा गर्नुपर्ने हुन्छ । आफ्नो कामधन्दा छोडेर सर्वसाधारणहरु चुनाव सफल पार्न हिँडेका छन् । तर, सरकारलाई कुनै चासो छैन । यातायात व्यवस्था विभागले यसअघि नै अग्रिम टिकट बुकिङ खोलिदिनुपर्थ्यो । यता, सिटभन्दा बढी यात्रु हाल्न दिँदा दुर्घटनाको जोखिम पनि बढेको छ ।

थोत्रा, पुराना गाडीहरु यात्रु बोकेर गुडिरहेका छन् । २० वर्षे पुराना गाडीहरुले पनि यात्रु बोकेको देखिन्छ । तर, ट्राफिकले यो देखेको छैन । कागजपत्र जाँच नै गर्दैन । गाडी कति वर्ष पुराना हो ? सिटभन्दा बढी यात्रु हालेका छन् कि छैनन् ? गाडीको अवस्था ठीक छ कि छैन ? ट्राफिक महाशाखाले जाँच गरेको छैन । गृह मन्त्रालयले यसअघि गाडीको यान्त्रिक जाँच गर्ने बताएको थियो ।

त्यो पनि हुन सकेको छैन । विभाग र ट्राफिक महाशाखाले अनुगमन गरेको छैन । यातायात व्यवसायीसँग पैसा खाएर विभाग र महाशाखा हात बाँधेर बसेको देखिन्छ । गृहले सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गर्दै बाटोमा अनुगमन कडाइ गर्नु भन्न ढिला भइसकेको छ । २० वर्ष पुराना गाडी चल्नमा रोक लगाउनुपर्ने हो । सिटभन्दा बढी यात्रु हालेर यातायात व्यवसायीले गाडी दौडाउँदा पनि ट्राफिकले समात्दैन । यसतर्फ सरोकारवाला निकायको तत्काल ध्यान जान जरुरी छ ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नुभएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail .com
facebook .com/prabhab online

निकुञ्जपीडितको दुःखेसो

# 'दलका चुनावी एजेण्डा मात्रै बन्यौं'

**महेन्द्रनगर-** कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारका क्रममा २०५८ सालमा विस्थापित भएका नागरिकको बसोबासको विषय त्यसपछिका हरेक निर्वाचनमा चुनावी एजेण्डा बन्ने गरेको भए पनि पीडितको अवस्थामा सुधार आएको छैन ।

विसं २०६४, २०७० र २०७४ को तीन वटै निर्वाचनमा शुक्लाफाँटा विस्थापितको पुनःस्थापनाको विषय प्रमुख राजनीतिक दलदेखि सबै उम्मेदवारको प्रमुख मुद्दा बन्ने गरेको भए पनि सो विषयले अझै समाधान कहिले पाउने भन्ने अन्योलता कायमै छ ।

तीन निर्वाचन क्षेत्र रहेको कञ्चनपुरमा निकुञ्ज विस्थापित सबैभन्दा बढी निर्वाचन क्षेत्र नं १ र २ मा बसोबास गरिरहेका छन् । यहाँको ढक्का चान्देउ, तारापुर, लल्लेडाँडालगायतका क्षेत्रमा टहरा बनाएर बस्दै आएका छन् भने कृष्णपुर र शुक्लाफाँटा नगरपालिकाका विभिन्न स्थानमा छरिएर रहेका विस्थापितले लामो समयदेखि पुनःस्थापनाको माग गर्दै आएका छन् ।

विस्थापितको समस्या समाधानका लागि सरकारले मुआब्जा सिफारिस समिति कार्यदलको ३१औँ आयोग बनाएको छ । यहाँबाट मत पाएर नेपाली काँग्रेस र नेकपा (माओवादी केन्द्र)बाट दुई जना संघीय सरकारको मन्त्री बने पनि आफूहरु अझै झोपडीमा जीवन बिताइरहेको पीडितहरुको गुनासो छ ।

विसं २०७० मा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचन जितेर नेपाली काँग्रेसका नेता नारायणप्रकाश साउद र २०७४ सालमा यहाँको १ नम्बर निर्वाचन क्षेत्रबाट निर्वाचित माओवादी नेत्री बीना मगर मन्त्री बनेकी थिइन् ।

आसन्न निर्वाचनमा समेत साउद र मगर सत्ता-गठबन्धनका उम्मेदवार बनेर घरदैलोमा पुगिरहेका बेला निकुञ्ज विस्थापितको समस्या समाधान गरिने आश्वासन दिइरहेका छन् । ढक्का शिविरमा बस्दै आएका विस्थापित सन्तोष सार्कीले आशैआशमा आफूहरु दशकौँदेखि बसिरहेको बताए ।

'निकुञ्जको नजरमा हामी अतिक्रमणकारी भयौं, नेता आउँछन् भोट माग्छन् पछि फर्केर आउँदैनन्', सार्कीले भने, 'विस्थापित हुँदाका बेला जन्मिएका छोराछोरी अहिलेको चुनावमा मत दिने भइसके तर हाम्रो समस्या जस्ताको त्यस्तै छ ।'

उनले हरेक दलका उम्मेदवारहरु निर्वाचनका बेला आश्वासन दिँदै मत माग्न आउने गरेको बताए । अहिले पनि निर्वाचन क्षेत्र नं १ र २ मा विस्थापितको पुनःस्थापनाको विषय सबै उम्मेदवारको चुनावी एजेण्डा बनेको छ ।

निर्वाचन क्षेत्र नं २ बाट २०७४ को निर्वाचनमा एमाले नेता नरबहादुर धामी निर्वाचित भएपछि बनेको ३०औँ आयोगले विस्थापितलाई १० कट्ठा जग्गा वा ६० लाख मुआब्जा दिनुपर्ने प्रतिवेदन तयार गरी सरकारलाई बुझाएको थियो । तर उक्त प्रतिवेदन अझै कार्यान्वयन भएको छैन ।

पाँच हजार दुई सय ५८ घरपरिवारलाई सट्टा भर्ना गरिसकेको भए पनि अझै दुई हजार चार सय ७३ परिवारलाई परिचयपत्र वितरण मात्रै गरिएको छ ।

त्यस्तै तारापुर शिविरमा आश्रय लिँदै आएका आशाराम चौधरीले पनि लामो समयदेखि संघर्ष गर्दा पुनःस्थापना नभएपछि पीडित परिवार बाध्यताले निकुञ्ज परिसरमा टहरा बनाएर बसेको बताए ।

'बालबालिकाले अध्ययनसमेत नपाएका बेला नेताहरु यहाँ आएर पुनःस्थापना गरिछाड्ने सपना बाँड्दै छन्', चौधरीले भने, 'हरेक निर्वाचनमा आश्वासन पाउनु नियति जस्तै बनिसक्यो ।'

उनले यसपटक भने आफूहरुलाई पुनःस्थापनाका लागि पहल गर्ने उम्मेदवारलाई मत दिने बताए । 'सधैँभरि आश्वासन सुन्यौँ' उनले भने, 'यसपटक काम गर्नेलाई मत दिन्छौँ ।' *रासस*

# नक्कली सुन धितो राखी ठगी

**कास्की (प्रस)**- विभिन्न मितिमा विभिन्न खालका नक्कली सुनका गहनाहरू धितो राखेर २४ लाख पाँच हजार कर्जा लिई ठगी गरेको अभियोगमा पर्वत कुश्मा नगरपालिका-३ घर भई पोखरा महानगरपालिका-१८ सराङकोट बस्ने २५ वर्षीय अभिसेक सुनारलाई प्रहरीले पक्राउ गरेको छ ।

सुनारले राष्ट्रिय वाणिज्य बैंकको पोखरा महानगरपालिका-१७ बिरौटा शाखाबाट १६ लाख ६० हजार र सोही महानगरपालिका-८ पृथ्वीचोक शाखाबाट सात लाख ४५ हजार गरी जम्मा २४ लाख पाँच हजार कर्जा लिई लामो समयसम्म कर्जाको साँवाव्याज बुझाउन नआएपछि धितोको गहना जाँच गर्दा कमसल सुन प्रयोग गरी तयार गरिएको खुल्न आएपश्चात जिल्ला प्रहरी कार्यालय कास्कीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । साथै धितो राखेका उक्त गहनाहरू नक्कली सुनबाट तयार गरिएको अनुसन्धानबाट खुल्न आएको छ ।

उनी उपर जिल्ला अदालत कास्कीबाट ठगी, आपराधिक विश्वास घात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसुरमा पाँच दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०७/२९

यस कम्पनीको मिति २०७९/०६/२५ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **चितेपानी मल्टिसर्भिस प्रा.लि. (प्रा.लि. नं. ६१६४२)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **हेरिटेज इन्टरनेशनल कलेज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९/०७/२९

यस कम्पनीको मिति २०७९/०७/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **फ्र्ट्कम इन्टेलिजेन्ट फ्लीट्स प्रा.लि. (प्रा.लि. नं. ३००९८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/०६/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **फ्र्ट्कम नेपाल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## Unirize Multimarket MRP

Company Name : **Resunga Intercontinental Pvt.Ltd.**
Address : Banasthali, Kathmandu, Nepal Tel : 014880859
*VAT No.: 604266848*

| *Product* | *MRP (NRS)* |
|---|---|
| Unirize Multimarket | 3,400 |

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०७९/०१/०९ | पून विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 257817 | चलानी नं. ६०१८०४८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 52 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ५ गते (21st Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED SYSTEMS EST. FOR TRANDING & CONTRACTING

पूर्व स्वीकृति मिति २०७९/०६/२६ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 273639 | चलानी नं. ६०१८९०३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 11 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने** : निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.**
श्रम ईजाजत नं. १०१९/०६८/०६९
P.O.Box: 6859, New Baneswor, Kathmandu, Nepal. Tel:- +977-1-4785761/4784578, Fax:- + 977-1-4784571
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BURGERITA RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 275647 | चलानी नं. ६०१९१२४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 4 | 0 | 1200 | ४१,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ISHAN INTERNATIONAL OVERSEAS PVT. LTD. .**
श्रम ईजाजत नं. ११९५/०७३/७४
Kathmandu N.P.-34,New Baneshwor, Kathmandu,BAGMATI
Tel: +01-4796201

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी AL BAKER TRADING COMPANY

पूर्व स्वीकृति मिति :२०७८/०९/१६ | पुन विज्ञापन स्वीकृति मिति :२०७९/०७/२८ | LT. No. 255276 | चलानी नं.६०१६३८२५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 8 | 0 | 1000 | ३५,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी :CRISPY BREAD FOR SNACKS & PASTRIES

पूर्व स्वीकृति मिति २०७८/०७/३० | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No. :250596 | चलानी नं.६०१६७६९५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 130 | ५४,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter | 2 | 2 | 110 | ४६,०४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**APPOLO OVERSEAS SERVICES (P) LTD.**
G.P.O. Box: 25038, Samakhushi,Townplanning, KTM
Tel : +977-1-4363648, 4364403
Email: appolooverseas111@gmail.com
Govt. License 586/062/063
www.appolooverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MBF PROTECTION SERVICES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०६/११ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 272666 | चलानी नं. ६०१८८४८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 28 | 0 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

RISING RECRUITMENT **Rising Recruitment Pvt.Ltd.**
श्रम ईजाजत नं. ८७८/०६७/०६८

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TREND CATERING ESTABLISH

पूर्व स्वीकृति मितिः २०७९/०२/११ | पुन विज्ञापन स्वीकृति मितिः २०७९/०७/२८ | LT. No.263594 | चलानी नं. ६०१७९७३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 18 | 0 | 100 | ४१,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NEPAL INTERNATIONAL OVERSEAS PVT. LTD.**
Lic No. 632/063/64
Samakhusi Chowk-3, Jaldhara Marga, Kathmandu, Tel no. 015901301, 015906301
9801821163, 9801821164, 9801821165, www.nepaloverseasgency.com
Email : niopl2017@gmail.com,info@niopl.com,URL:www.nipl.com,

## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED RECRUTTMENT SRL

पूर्व स्वीकृति मिति २०७९/०१/१३ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२८ | LT. No. :262078 | चलानी नं. ६०१७८६०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव US$ | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 550 | ७०,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cook | 10 | 0 | 650 | ८३,७६० | | | | | | | |
| 3 | Cook Helper | 10 | 0 | 550 | ७०,८७० | | | | | | | |
| 4 | Construction Worker | 10 | 0 | 650 | ८३,७६० | | | | | | | |
| 5 | Baker | 10 | 0 | 600 | ७७,३१५ | | | | | | | |
| 6 | General Worker | 38 | 15 | 550 | ७०,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ४०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Balaha Overseas Pvt. Ltd.**
Govt. License 1534/078/079
Sinamngal - 9, Kathmandu, Nepal Tel: +977-1-5910171, E-mail: info@balahaoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHIAP SENG FOOD PRODUCTS SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 275150 | चलानी नं. ६०१९१२४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 20 | 0 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CHAI WAH SHOES TRADING CO

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 275499 | चलानी नं. ६०१९१२४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 30 | 0 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9862433489

## फ्रि भिषा !! फ्रि टिकट !!

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BP WIRE MESH SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०७/२० | LT. No. 274890 | चलानी नं. ६०१९०४९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 16 | 0 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net

# प्रभाव दैनिक

मंगलबार, २९ कात्तिक २०७९ (Tuesday, November 15, 2022)

## रूपशाला

### अभिनेता प्रदीपले पाए भारतमा अवार्ड

अभिनेता प्रदीप खड्काले भारतमा डेब्यु अभिनेता अवार्ड हात पारेका छन् । आइतबार साँझ आयोजित 'ग्लोबल ताज अन्तर्राष्ट्रिय फिल्म फेस्टिभल' मा उनलाई फिल्म 'प्रेमगीत ३' को हिन्दी संस्करणबाट फिचर फिल्मतर्फको डेब्यु अभिनेताको अवार्ड दिइएको हो । अभिनेता खड्काले आफूले अवार्ड पाएको सामाजिक सञ्जाल मार्फत जानकारी गराएका छन् । उनले फेसबुकमा अवार्डको तस्बिरसहित आयोजकलाई धन्यवाद समेत दिएका छन् । 'प्रेमगीत ३' का निर्माता तथा निर्देशक सन्तोष सेन हुन् ।



# कलाकर्मीसँग प्रधानमन्त्री देउवाको अन्तरक्रिया



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री शेरबहादुर देउवाले नयाँ पुस्ताका कलाकर्मीहरूसँग अन्तरक्रिया गरेका छन् । उनले पत्नी आरजु राणा देउवासँगै प्रधानमन्त्री निवास बालुवाटारमा ३० भन्दा बढी नयाँ पुस्ताका मोडल, कलाकारलाई भेट्दै निर्वाचन सम्पन्न गर्नेतर्फ सकारात्मक भूमिका निर्वाह गर्न आग्रह गरे ।

'निष्पक्ष भएर क्षणिक लोभ, लालचभन्दा पनि योग्य उम्मेदवारहरूलाई छानेर मतदान गर्न प्रेरित गर्नुस्', प्रधानमन्त्री देउवाले भने, 'निर्वाचनमा युवापुस्ताको सहभागिता बलियो हुनुपर्छ भन्ने सन्देश तपाईंहरूले दिनुपर्यो ।' उनले नेपाली कला क्षेत्रको समस्या समाधानका निमित आफू सदैव तयार रहेको बताए ।

भेटघाटमा सहभागीहरूले फिल्म, सङ्गीत लगायतको क्षेत्रमा देखिएको समस्या उठान गरेका थिए । उनीहरूले फिल्म छायांकनको समस्या, छायांकनमा अनुदान, फिल्ममार्फत पर्यटन प्रवर्द्धन, सङ्गीतको रोयल्टी, ओटीटीको विषयमा देखिएको केही समस्या उठान गरेका थिए । 'समस्याहरूलाई हामीले सम्बोधन गर्नेछौँ । हामीलाई समस्याका बारेमा अवगत गराइरहनुस् । म सदैव सकारात्मक छु', प्रधानमन्त्री देउवाले भने ।

प्रधानमन्त्री पत्नी तथा कांग्रेस नेत्री आरजु राणा देउवाले चुनावपश्चात पनि यस्ता छलफल अझै बढाउने बताइन् । 'निरन्तर संवादले नै समस्याको हल दिन्छ । हामी आफ्नो कला, संस्कृतिको प्रवर्द्धन गर्न तत्पर छौँ । छलफलसँगै आउँदो दिनमा निकास दिनेछौँ', उनले भनिन् ।

भेटघाटमा नयाँ पुस्ताका कलाकर्मीहरू पूर्णिका सिजापति, उषा उप्रेती, एलिना चौहान, एलिजा गौतम, जेबिका कार्की, रिस्ता बस्नेत, सुधीर श्रेष्ठ, युवराज चौलागाईं, निर्माता सरोज न्यौपाने र निर्देशक हेमराज बिसीलगायतको सहभागिता थियो ।

# रिजाले जितिन् मिस ललितपुरको ताज



■ प्रभाव संवाददाता

**ललितपुर–** आर.बी. क्राउन एण्ड मेनेजमेन्टको आयोजनामा सम्पन्न मिस ललितपुर- २०७९ को टाइटल रिजा शाक्यले जितेकी छिन् ।

'५ बर्ष पछि तिमी आफूलाई कुन स्थानमा रहेको हेर्न चाहन्छौ ?' भन्ने निर्णायकको प्रश्नमा 'आफू सफल ब्यवसायी एवं सामाजिक कार्यकर्ताका रुपमा कर्म गरिरहेको हुन्छु, मोडलका रुपमा समेत स्थापित हुनुका साथै अन्यलाई पनि सहभागी हुन प्रोत्साहित गरिरहेका हुन्छु' भनी जवाफ दिएर रिजाले मिस ललितपुर २०७९ को उपाधि हात पारेकी हुन् ।

प्रतियोगितामा अञ्जिला महर्जनले द्वितीय, अनु लामाले तृतीय तथा निराशा खातीले चौथो स्थान प्राप्त गरिन् । कार्यक्रममा आयोजकका तर्फबाट रविन्द्र बज्राचार्यले प्रतिस्पर्धीहरुलाई पुरस्कृत गरेका थिए भने कार्यक्रमका सहयोगीहरुलाई सम्मान समेत गरिएको थियो । निर्णायकमा कलाकार तथा संचारकर्मी सुरजवीर बज्राचार्य, शिक्षा क्षेत्रका ज्योति थापा तथा चलचित्र निर्देशक राजेशमान सिंह रहेका छन् । कार्यक्रम मिस लिटिल नेवाः फस्ट रनरअप लुँस्वां मानन्धरले संचालन गरेकी थिइन् ।

# 'सरी मम'को शीर्ष गीत सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** 'एन्टी ड्रग्स' अभियान सहित निर्माण भएको फिल्म 'सरी मम'को शीर्ष गीत सार्वजनिक भएको छ । राजधानीमा एक कार्यक्रमकाबीच सार्वजनिक गीतमा प्रज्वल श्रेष्ठको स्वर रहेको छ, भने शब्द संगीत प्रज्वल श्रेष्ठ र नवीन बोगटीको छ । आगामी मङ्सिर १५ मा रिलिज हुने फिल्मका निर्माता विनोद लामा हुन् ।

निर्माता लामाले फिल्म एक हप्ता मात्रै हलमा प्रदर्शन गर्ने र त्यो पनि बाग्मती प्रदेशमा मात्रै रिलिज गर्ने घोषणा गरे । हलमा सार्वजनिक प्रदर्शन पश्चात् फिल्मलाई देशव्यापी रूपमा लक्षित वर्गसम्म पुऱ्याउने अभियान सुरु गर्ने लामाले कार्यक्रममा जानकारी दिए ।

कार्यक्रममा अभिनेता हमालले राज्यस्तरबाट सञ्चालन हुनुपर्ने अभियानसहित सोही विषयमा फिल्म निर्माण गरेकोमा निर्माण टिमलाई बधाई दिए । प्याब्सन केन्द्रीय उपाध्यक्ष दीपा थापाले स्कुल कलेजमा पढ्दै गरेका थुप्रै विद्यार्थीहरू कुलतको शिकार बनिरहेको भन्दै त्यो बाटो बन्द गर्न यो प्रकारको फिल्मले सकारात्मक सञ्चार दिने बताइन् ।

मुख्यत: किशोरावस्था र युवापुस्ताका दर्शकलाई लक्षित गरेर निर्माण गरिएको फिल्मको प्रदर्शनी तथा च्यारेटीलाई सरकारी स्तरबाट प्रदेश सरकार, नगरपालिका, गाउँपालिका, नेपाल प्रहरीसँगै नेपाल जेसिज, नार्कोनान नेपाल शिक्षा क्षेत्रमा क्रियाशील संस्थाहरू प्याब्सन, एन-प्याब्स, हिसान, शिक्षक महासंघ लगायतले सहकार्य गरिसकेका छन् । उल्लेखित संस्थाहरूको बलमा निर्माण टिमले जतिसक्दो धेरै लक्षित वर्गमा फिल्म देखाउने उद्देश्य लिएको छ ।

एनएफआई क्रिएशनको ब्यानरमा नविन बोगटीको निर्देशनमा बनेको फिल्ममा सरोज खनाल र सरिता लामिछानेसँगै एलिस राई, प्रभात पल , प्रविल कडेल , आरबि कटुवाल , बिहान श्रेष्ठ, युनिसा बजगाइँ , रेजिना मगर , सरोज बखुरेल, लालमणि भण्डारी अभिनय छ ।

## रंगशाला

### नेपाल-युएई एकदिवसीय क्रिकेट

# नेपाल पराजित

**काठमाडौं (प्रस)–** पाहुना टोली युएईविरुद्धको पहिलो एकदिवसीय अन्तराष्ट्रिय क्रिकेटमा नेपालले हार व्यहोरेको छ । कीर्तिपुरस्थित टियु क्रिकेट मैदानमा सोमबार भएको खेलमा नेपाललाई युएईले ८४ रनले हराएको हो ।

युएईले दिएको २ सय ६४ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको नेपालले ५० ओभरमा ९ विकेट गुमाएर १ सय ७९ रन मात्र बनाउन सक्यो ।

अर्जुन साउद र दीपेन्द्र सिंह ऐरीले अर्धशतकीय इनिङ खेलेपनि नेपालले लक्ष्य पूरा गर्न सकेन । एकदिवसीय अन्तराष्ट्रियमा डेब्यु खेलाडी अर्जुनले ५१ रनको अर्धशतकीय इनिङ खेले । यस्तै दीपेन्द्रले ५४ रनको इनिङ खेले ।

त्यस्तै नेपालका कप्तान रोहित पौडेल १ रनमा आउट हुँदा आसिफ शेखले १२ तथा अर्का डेब्यु खेलाडी हरिशंकर साहले ८ रन बनाए । कुशल भुर्तेल ६,सोमपाल कामी ३, करण केसी ३ तथा ज्ञानेन्द्र मल्ल सुन्य रनमा आउट भए । गुलशन झा १९ रनमा अविजित रहे भने ललित राजवंशीले अविजित ६ रन बनाए ।

युएईका आयन अफ्जल खानले ४ विकेट लिए । बसिल हामिदले २ तथा जाहोर खान,रोहन मुस्तफा र अहमेद राजाले १/१ विकेट लिए । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको युएईले ५० ओभरमा ७ विकेट गुमाएर २ सय ६३ रन बनाएको थियो । युएईका लागि रोहन मुस्तफाले ५३ रनको अर्धशतकीय इनिङ खेले ।

यस्तै मुहमद वासिमले ४४ रन जोड्दा भ्रित्य अरभिन्दले ४० रन बनाए । एलिशन शाराफुले २९ रन बनाए भने बसिल हामिदले १४ तथा कप्तान सिपि रिजवान २ रनमा आउट भए ।

आयन हफ्जल खानले २६ रन जोड्दा आउट भए भने अहमेद राजाले अविजित २७ रन बनाए । नेपालका गुलशन झाले २ विकेट लिए । सोमपाल कामी र दीपेन्द्र सिंह ऐरीले १/१ विकेट लिए ।

यस जितसँगै युएईले तीन खेलको एकदिवसीय सिरिजमा १-० को अग्रता बनाएको छ । अब युएई र नेपालबीचको दोस्रो एकदिवसीय अन्तराष्ट्रिय बुधबार तथा तेस्रो तथा अन्तिम खेल शनिबार हुनेछ ।

# प्रिजेनलाई सहयोग गर्न खेलाडी संघको माग

**काठमाडौं (प्रस)–** एन्फा फुटबल खेलाडी संघले क्यान्सरको उपचार गराईरहेका फुटबल खेलाडी प्रिजेन तामाङलाई उपचार्थ सहयोग गर्न माग गरेको छ ।

एन्फा खेलाडी संघका अध्यक्ष बिक्रम लामाले सोमबार सहयोगको माग गर्दै अखिल नेपाल फुटबल संघ (एन्फा) अध्यक्ष पंकज विक्रम नेम्वाङलाई ज्ञापनपत्र बुझाएका छन् । १३ औं सागको पुरुष फुटबलमा स्वर्ण विजेता तथा यू-१८ साफ च्याम्पियनसिपमा स्वर्ण विजेता टोलीका सदस्य प्रिजेन ब्लड क्यान्सरको उपचार गराईरहेका छन् ।

'प्रिजेन हाल ब्लड क्यान्सर जस्ता घातक रोगबाट ग्रसित भई पुनः स्वस्थ हुनको निम्ती उपचाररत हुनुहुन्छ । हामी सम्पूर्ण सिंगो फुटबल खेलाडी जगत उँहाको सिघ्र स्वास्थलाभको कामना गर्दछौं । उहाको उपचारको निम्ती सहयोग गरिदिन बिनम्र अनुरोध गर्दै हाम्रो अभिभावक संस्था अखिल नेपाल फुटबल संघ समक्ष निवेदन पत्र पेश गरेका छौँ,' संघले फेसबुक पेजमार्फत भनेको छ ।

प्रिजेनले भारतको एक अस्पतालमा क्यान्सरको उपचार गराइरहेका छन् ।

**Fewa HR Solutions Pvt. Ltd.** श्रम इजाजत नं. १४८५/०७४/०७५

P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997

E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी: EASTERN MSAR TRADING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२८ LT. No. 275683 चलानी नं. ६०१९१२५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workshop Worker | 3 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**मलेशियामा वैदेशिक रोजगारको अवसर**

कम्पनी : VITAL HEALTHCARE SDN.BHD.

पूर्व स्वीकृति मिति : २०७९/०७/२७ LT. No. 275384 चलानी नं.६०१९११४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 37 | 0 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Api Manpower Solutions Pvt Ltd**

Lic No. 1115/073/074

Kusunti-14, Lalitpur, Nepal

Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL JAZEERA SUPPORT SERVICE COMPANY

पूर्व स्वीकृति मिति २०७९/०७/२८ LT. No. 275627 चलानी नं. ६०१९२३६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labour | 100 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १२ गते (28th Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

Govt. License 280/058/059

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal

Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189

E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MIRAD UNITED COMPANY BRANCH

पूर्व स्वीकृति मिति: २०७९/०७/२८ LT. No.275571 चलानी नं. ६०१९१२२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fast Food Maker | 3 | 0 | 1400 | ४७,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SIRAJ CO.LTD.

पूर्व स्वीकृति मिति: २०७९/०७/२८ LT. No.275574 चलानी नं. ६०१९१२२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULAZIZ ABDUL RAHMAN BIN ABDULLAH AL SAHLI EST. FOR WHOLESALE AND RETAIL TRADE

पूर्व स्वीकृति मिति: २०७९/०७/२८ LT. No.275573 चलानी नं. ६०१९१२२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company

पूर्व स्वीकृति मिति: २०७९/०७/२८ LT. No.275572 चलानी नं. ६०१९१२२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 100 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**

श्रम इजाजत नं. ३८४/०५९/०६०

Samakhushi-26 Gongabu, Town Planning Kathmandu, Nepal

Tel: +977-1-4358977, 4383277 E-mail: info@pigeoninternational.com.np

Website www.pigeoninternational.co.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : ABDULLAH ABDULRAHMAN AL ATULLAH TRANSPORTATION CORPORATION

पूर्व स्वीकृति मिति २०७९/०७/२४ LT. No. :275447 चलानी नं.६०१९०९५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 1900 | ६५,१०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. २५७/०५८/०५९

Basundhara, Kathmandu, Nepal,

Tel: +977-1-4363546, Fax: +977-1-4363540

Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com

# शान्ति सम्झौताको पालना गर्ने प्रतिबद्धता

**आदिस अबाबा–** इथियोपियाली सरकारले यहाँका विद्रोहीहरुसँग हालै भएको शान्ति सम्झौताको कार्यान्वयन हुने जनाएको छ। आइतबार यहाँको सरकारको सूचना तथा सञ्चार विभागले एक विज्ञप्ति प्रकाशन गरेर सो कुराको प्रतिबद्धता व्यक्त गरेको हो।

इथियोपियाको सरकार र उत्तरी इथियोपियामा हिंसात्मक युद्ध गरिरहेको विद्रोही समूह टिगरे पिपुल्स लिबरेसन फ्रन्टका बीचमा केही दिनअघि युद्धविराम भएको थियो। सो युद्धविरामपछि सरकार र विद्रोही पक्षका बीचमा शान्ति सम्झौता पनि भएको थियो।

आइतबार प्रकाशित सो विज्ञप्तिमा उक्त शान्ति सम्झौताको कार्यान्वयनका लागि काम भइरहेको भन्दै यसबाट नागरिकका अधिकारहरुको सुरक्षा हुने पनि बताइएको छ।

उक्त सम्झौताअनुसार नै कतिपय युद्धग्रस्त क्षेत्रका नागरिकलाई मानवीय सहायता पनि पुर्‍याइएको र यहाँ विभिन्न सहायताकर्मीलाई पनि जान दिइएको भन्दै आगामी दिनमा यही सम्झौता अनुसार नै अघि बढ्ने र यहाँ दुई वर्षभन्दा लामो समयदेखि जारी रहेको हिंसाको अन्त्यको पहल गरिने सो विज्ञप्तिमा जनाइएको छ। सो युद्धविराम तथा शान्ति सम्झौताको संयुक्त राष्ट्रसंघले पनि स्वागत गरेको थियो। यहाँ भएको युद्धविरामको समयलाई लम्ब्याउन र सरकार र विद्रोहीले गरेको शान्ति सम्झौताबमोजिम इथियोपियामा शान्ति स्थापनाका लागि सबैको सहयोगका लागि पनि राष्ट्रसंघले आग्रह गरेको छ।

यहाँको टिगरे क्षेत्रमा हिंसा जारी राखेको टिगरे पिपुल्स लिबरेसन्स फ्रन्ट समूह र सरकारबीच शान्ति वार्ताका लागि युद्धविराम भएको बताइएको छ। टिगरे क्षेत्रमा जारी रहेको हिंसाका कारण यहाँको जनजीवन प्रभावित भएको भन्दै यसबाट नागरिकको शान्तिपूर्ण र स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्न तथा देशमा शान्ति स्थापना गर्न सबैको सहयोग आवश्यक रहेको राष्ट्रसंघको भनाइ छ।

*रासस/सिन्ह्वा*

# चिनियाँ प्रधानमन्त्री र संयुक्त राष्ट्रसंघीय महासचिवबीच भेटवार्ता

**नोम्पेन्ह-** चिनियाँ प्रधानमन्त्री लि खछ्याङ र संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसबीच भेटवार्ता भएको छ। उनीहरुका बीचमा बहुपक्षीय विषयका साथै जलवायु परिवर्तनका विषयमा कुराकानी भएको बताइएको छ।

त्यस अवसरमा उनीहरुका बीचमा विश्व शान्ति र विकासका क्षेत्रमा संयुक्त राष्ट्रसंघको भूमिकाका विषयमा कुराकानी भएको चिनियाँ समाचार संस्था सिन्ह्वाले बताएको छ। चीन संयुक्त राष्ट्रसंघको स्थायी सदस्यका साथै विश्वको एक आर्थिक शक्ति राष्ट्रका रुपमा संयुक्त राष्ट्रसंघसँग निरन्तर सम्पर्कमा रहिरहने पनि प्रधानमन्त्री खछ्याङले जानकारी दिएका थिए।

तेस्रो विश्वका देशहरुलाई ऋण तथा अन्या आर्थिक सहायताका क्षेत्रमा संयुक्त राष्ट्रसंघले सहजीकरण गरिरहेको र यसमा अझै सहयोग पुर्‍याउनुपर्ने पनि सो अवसरमा चिनियाँ प्रधानमन्त्रीले जोड दिएका थिए।

उक्त भेटका अवसरमा महासचिव गुटेर्रेसले विश्वमा जलवायु परिवर्तनका क्षेत्रमा पर्दै गएको असरका बारेमा चीनसँग आफ्ना धारणा राखेका थिए। यसतर्फ विश्वलाई नै सचेत गराउनुपर्ने आवश्यकता रहेकोमा महासचिव गुटेर्रेसले चिनियाँ प्रधानमन्त्री खछ्याङको ध्यानाकर्षण गराएका थिए।

*रासस/सिन्ह्वा*

## Notice for Opening of Price Bids

***Date of Publication: BS 2079/07/29***

Pursuant to Rule 31(nga), Sub Rule 5 of Public Procurement Regulation 2064 (including amendments), **Madan Bhandari Highway Project Office Damak** hereby notifies all the concerned bidders who bade as per our Notice No. 01/079/80, dated BS 2079/05/20, published on "Prabhab National Daily", that the list of successful bidders in Technical Proposal is presented below. The qualified bidders are requested for their presence in opening of the Price Bids on date, time and venue given here under:

***Date: BS 2079/08/06, Time:11:00 hours, Venue: Madan Bhandari Highway Project Office Damak, Jhapa.***

| Qualified Bidders in Technical Bid | |
|---|---|
| Contract No: MBHPOD/337011084/079/80-01 | |
| 1. R. K.-R. One JV, Sunsari, Nepal | |
| Contract No: MBHPOD/337011084/079/80-02 | |
| 1. K.M.-Joshila JV, Biratnagar, Morang | 3. S.A.S. Construction Pvt. Ltd., Biratnagar, Morang |
| 2. LPS-Siddhakali JV, Bhadrapur, Jhapa | 4. R. K.-R. One JV, Sunsari, Nepal |

**Project Chief**
**Madan Bhandari Highway Project Office Damak, Jhapa**

# जापानमा ६.१ म्याग्निच्युडको भूकम्प

**टोकियो–** जापानको मीई प्रान्तको दक्षिणपूर्वी तटमा ६.१ रेक्टर स्केलको भूकम्प गएको मौसम विभागले सोमबार जनाएको छ। जापान मौसम विज्ञान एजेन्सी (जेएमए) को अनुसार, भूकम्प स्थानीय समयानुसार साँझ करिब ५ बजे गएको थियो। उक्त भूकम्प ३३.६ डिग्री उत्तर अक्षांश र १३७.५ डिग्री पूर्व देशान्तरमा रहेको जनाइएको छ।

भूकम्पको केन्द्रबिन्दु ३५० किलोमिटर गहिराइमा रहेको जेएमएले जनाएको छ। यस भूकम्पलाई आओमोरी प्रान्तको उत्तरमा र शिजुओका प्रान्तको दक्षिणमा महसुस गरिएको बताइएको छ। फुकुसिमा र इबाराकी प्रान्तहरुमा जापानी भूकम्पको तीव्रता मापनमा चार रेक्टर स्केलको रहेको जेएमएले जनाएको छ। यसले टोकियो, चिबा, साइतामा, तोचिगी, कानागावालगायतका धेरै क्षेत्रमा भूकम्प मापनमा तीन रेक्टर पनि रेकर्ड गरेको मौसम विभागले जनाएको छ।

*रासस/सिन्ह्वा*


## माईग्रेसन हराएको सूचना

मिति २०७९/०४/०२ गते कोटेश्वरबाट वानेश्वरसम्म जाँदा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु।

**नाम : मनिष कुमार मंडल**
**रजिस्ट्रेसन.नं.: ७७२७०७९४१**
**सिम्बोल.नं.: २२७०३०८९**
**ठेगाना.: धनुषा धाम–७, जनकपुर**
**सम्पर्क: ९८८६७१८५७७**

## मोटरसाइकल हराएको सूचना

**सानु कुमार भुर्तेल**को नाममा रहेको ॥ निम्न व्योहोरा रहेको मोटरसाइकल मिति २०७९।०७।२३ गते का.जि.च.न.पा.-०२,नागढुङ्गा स्थित ग्यारेजको पार्किङ्गबाट दिनको ३ : ३० बजे तिर हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला।

प्रकार - Pulsar 150CC
मो.सा. नम्बर : Bagmati Province 02 - 040 Pa 0292
चेसिस नं. MD2A11CX7NPL14110
इन्जिन नं. DHXRNL87901
रङ - निलो कालो
सम्पर्क - 9841506297



परिवर्तनगाउँपालिका
**गाउँकार्यपालिकाको कार्यालय**
**पुतलाचौर–रोल्पा**
लुम्बिनी प्रदेश, नेपाल
(स्वास्थ्य शाखा)


## सूचना रद्द गरिएको बारे

**मिति : २०७९/०७/२९ गते**

यस रोल्पा जिल्ला परिवर्तन गाउँपालिकाको कार्यालय अन्तर्गत स्वास्थ्य शाखाको मिति २०७९/०७/२३ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा ठेक्का नं.PRM-ROLPA-GOODS-TENDER-1-2079/07/80 मा नेपाल सरकारबाट निःशुल्क वितरण गरिने औषधि तथा सर्जिकल सामग्रीहरू आपूर्ति गर्ने सम्बन्धी सूचना सार्वजनिक गरिएकोमा उक्त सूचनामा केही प्राविधिक समस्या भएको कारण **सूचना रद्द** गरिएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि यस सूचना प्रकाशित गरिएको छ।

**नि. प्रमुख प्रशासकीय**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **PROJECTS CORNER CORPORATION FOR AIR CONDITIONING AND REFRIGERATION**

पूर्व स्वीकृति मिति २०७९/०२/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२८ | LT. No. 263637 | चलानी नं. ६०१७९८१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 5 | 0 | 1200 | ४१,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले  सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MULTI GRADED INDUSTRIES SDN. BHD**

पूर्व स्वीकृति मिति २०७९/०७/२५ | LT. No. 275161 | चलानी नं. ६०१९११८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 2 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

Govt. License 404/060/061

**GURUNG MANAGEMENT OVERSEAS PVT. LTD.**
P.o.Box.:15142, Basundhara, Kathmandu, Nepal
Tel: +977-1-4386936,4388012,4388013, 4380659 Fax: +977-1-4386937
E-mail: gurungoverseas@gmail.com, info@gurungoverseas.com.np, Website : www.gurungoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **APEX WORLD SECURITY SDN.BHD**

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 275495 | चलानी नं. ६०१९११६६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 48 | 0 | 1500 | ४२,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. १२६४/०७४/०७५

**ALL RAHIM MANPOWER PVT. LTD.**
Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4444419, 4444429, Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com / info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ABDULLAH S. A. AL-ZAHRANI EST.**

पूर्व स्वीकृति मिति २०७९/०७/२८ | LT. No. 275563 | चलानी नं. ६०१९११८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 2800 | ९५,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: निःशुल्क

कम्पनी : **HAYAT AL OMRAN REAL ESTATE DEVELOPMENT & GENERAL CONTRACTING CO.**

पूर्व स्वीकृति मिति २०७९/०६/०५ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०७/२८ | LT. No. 272335 | चलानी नं. ६०१८८०४९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Agent | 3 | 0 | 1200 | ४१,१२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Mason Labour | 1 | 0 | 1400 | ४७,९७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क:१०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**Gandaki Gurkhas Pvt. Ltd.** (श्रम इजाजत नं. ६३०/०६३/०६४)
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HIGH EXPERT FOR CAR SERVICES CORPORATION**

पूर्व स्वीकृति मिति: २०७९/०७/२८ | LT . No. 275612 | चलानी नं. ६०१९११९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Cleaners | 4 | 0 | 1200 | ४१,१२० | | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ र ७ गते (22 & 23rd Nov. 2022) मा हुनेछ।

कम्पनी : **SUPPORT GATEWAY COMPANY FOR LOGISTICS SERVICES BRANCH**

पूर्व स्वीकृति मिति: २०७९/०७/२८ | LT . No. 275611 | चलानी नं. ६०१९११९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 11 | 0 | 1800 | ६१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर १२ देखि २० गते (28 Nov. to 6th Dec. 2022) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले  सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

श्रम ईजाजत नं. ४३५/०६०/०६१

**Prince International Employment Service Pvt. Ltd.**
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ARAB STREET CAFÉ TO SERVE DRINKS**

पूर्व स्वीकृति मिति २०७९/०५/०२ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२८ | LT. No.269791 | चलानी नं. ६०१८५७२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food And Beverage Counter Worker | 3 | 0 | 1500 | ५१,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **CANNED BEVERAGE FACTORY COMPANY ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०६/०६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२८ | LT. No.272401 | चलानी नं. ६०१८८१५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Representative | 10 | 0 | 2000 | ६८,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **NAMAQ COMPANY TO SERVE DRINKS**

पूर्व स्वीकृति मिति २०७८/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०७/२८ | LT. No.259269 | चलानी नं. ६०१७९४५६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 15 | 0 | 1000 | ३४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०७९ मंसिर ६ गते (22nd Nov. 2022) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** (श्रम ईजाजत नं. ५७४/०६२/०६३)
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेसनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारिका स्टेसनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ९७,२०० | प्रति तोला - ९६,७०० | प्रति तोला - १२९५ |



मंसिरे चटारो | तनहुँको व्यास नगरपालिका-५ साँगेका कृषक धान थन्क्याउने चटारोमा । मंसिर ४ गते हुने निर्वाचनका लागि राजनीतिक तथा दल उम्मेदवारलाई चुनाव लागे पनि कृषक भने धान थन्क्याउने चटारोमा व्यस्त छन् । *तस्बिरः कृष्ण न्यौपाने/रासस*

## दोहोरो अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** सोमबार सेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव २९ अंकले उकालो लागेर एक हजार नौ सय चार दशमलव ४५ विन्दुमा पुगेको छ ।

सोमबारको कारोबारमा ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ५१ अंकले उकालो लागेर तीन सय ७५ दशमलव शुन्य चारमा पुगेको छ ।

यो दिन दुई सय २६ कम्पनीको २४ लाख ५२ हजार ८४ कित्ता सेयर रु ९४ करोड ६० लाख ८९ हजार पाँच सय २१ मूल्यमा खरिद बिक्री भए । सोमबारको कारोबारपछि बजार पुँजीकरण रु २७ खर्ब ३९ अर्ब ३१ करोड ७२ लाख ३८ हजार छ सय ३९ बराबर छ ।

कूल १३ उपसमूहको सेयर मूल्यमा नै बृद्धि भएको नेपाल स्टक एक्सचेञ्जले जनाएको छ । नेप्सेका अनुसार कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु १० करोड ९६ लाख ४३ हजार दुई सय ७५ मूल्यमा खरिद बिक्री भए । हिमालयन डिस्टिलरी रु आठ करोड ९९ लाख पाँच हजार आठ सय ३३, डादी ग्रूप अफ पावर रु सात करोड ८३ लाख ४५ हजार नौ सय ६३, गुर्खाज फाइनान्स रु दुई करोड ५३ लाख १० हजार सात सय ९१ र नेष्डो समृद्धि लघुवित्त रु दुई करोड ४७ लाख २८ हजार तीन सय २७ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए ।

नेप्सेका अनुसार, तारागाँउ रिजेन्सी होटल नौ दशमलव ८४, सप्तकोशी डेभलपमेन्ट बैंक आठ दशमलव ३९, बुद्धभूमि नेपाल हाइड्रोपावर सात दशमलव २९, रिभर फल्स पावर सात दशमलव २५ र लिवर्टी इनर्जीका लगानीकर्ताले छ दशमलव ६७ प्रतिशतले कमाएका छन् ।

## उद्योगीलाई बैंकमा लगानी गर्न रोक्नुपर्छ : पूर्वगभर्नर नेपाल

■ प्रभाव संवाददाता




**बुटवल–** पूर्वगभर्नर डा. चिरञ्जीवी नेपालले उद्योगी र बैंकर छुट्टिनुपर्ने बताएका छन् । एउटै व्यक्ति उद्योगी र बैंकर बन्दा सीमित एवं ठूला उद्योगी व्यवसायी मोटाउने र साना तथा मझौला उद्योगी व्यवसायी दुव्लाउने अवस्था आएको भन्दै उनले यसको अन्त्यका लागि उद्योगी व्यवसायीले कुनै एउटा क्षेत्र रोज्नुपर्ने बताए ।

नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशले सोमबार बुटवलमा आयोजना गरेको उद्योगी व्यवसायीसँगको छलफलमा पूर्वगभर्नर नेपालले ब्याजदर घटाउन सरकारले पनि ठोस आर्थिक नीति ल्याउन नसकेको टिप्पणी गरे । 'पुँजीगत खर्च बढाउन सक्ने हो र बजारमा पैसा आउने हो भने ब्याजदर स्वतः घट्छ, यसका लागि सरकारले उद्योग धन्धामा लगानी बढाउनुपर्छ', उनले भने ।

बैंकको स्प्रेड दर घटाउने, आधार दर साढे ७ वा ८ प्रतिशतमा झार्ने र सिडिरेसियो कम गर्ने हो भने बैंकको ब्याजदर घटाउन सकिने नेपालको तर्क छ । अहिले बैंक वित्तीय संस्थाले मुद्दति निक्षेपमा १५ प्रतिशतसम्म ब्याजदर दिँदै आएका छन् भने कर्जाको ब्याजदर १८ प्रतिशतभन्दा माथि पुऱ्याएका छन् ।

सरकारले आर्थिक सुधारको नीति अवलम्बन गर्नुको साटो केन्द्रीय बैंकसँग निहुँ खोज्ने काम गरेको र केन्द्रीय बैंकले पनि मौद्रिक नीति बनाउँदा अहिलेको अर्थतन्त्रको मूलभूत समस्या सम्बोधन गर्न चुकेको उनको भनाइ छ । कोरोना महामारी तथा रुस-युक्रेन युद्धका कारण मुद्रास्फीतिमा चाप पर्दा अर्थतन्त्रमा समस्या आएको विश्लेषण गर्दै पूर्वगभर्नर नेपालले भने- 'अब अर्थतन्त्र माथि उकास्नका लागि सरकारले बजारमा पर्याप्त पैसा पठाउनु पर्छ ।'

अर्थतन्त्रमा संकट आए पनि नेपाल श्रीलंकाको अवस्थामा भने नपुग्ने पूर्वगभर्नर नेपालको विश्लेषण छ । 'श्रीलंका मूलतः चर्को ब्याजमा लिएको वैदेशिक ऋणको मारमा परेर संकटमा पुगेको हो, तर नेपालले लिएको वैदेशिक ऋण सहुलियतपूर्ण ब्याजदरमा छ । सात अर्वमा झरेको विदेशी मुद्राको संचिति नौ अर्व ३५ करोड पुगेको छ, त्यसैले डराउनुपर्ने अवस्था छैन,' उनले भने ।

सरकार उद्योग स्थापना गर्ने भन्दा पनि राजस्वमुखी भएकाले दीर्घकालका लागि भने समस्या हुन सक्ने उनको विश्लेषण छ । 'सरकारले उद्योगी व्यवसायीलाई सहुलियतपूर्ण कर्जामा अरवौं रकम उद्योगी व्यवसायीलाई दिएको छ, तर त्यो उद्योग स्थापनामा लगानी हुन सकेको छैन, सरकारले यसमा जोड दिनुको साटो आयातमा जोड दिएर राजस्व बढी उठाउने नीति लिएको छ, जसले दीर्घकालमा संकट निम्त्याउन सक्छ,' उनले भने ।

कोभिडको असरलगत्तै रुस-युक्रेन युद्धका कारण पेट्रोलियम पदार्थको मूल्य भारीमात्रामा वृद्धि भएको र जसका कारण डलरमा पेट्रोलियम पदार्थको आयात गर्दा वैदेशिक मुद्राको सन्चितीमा गिरावट आएको र राष्ट्रबैंकले यसको अवस्थामा सुधार ल्याउन डलर खर्च गरेर ल्याउनुपर्ने महँगा मालवस्तुको आयात नियन्त्रण गर्नुपर्ने अवस्था आएको भन्दै उनले अब यो धेरै समय नरहने विश्लेषण गरे ।

कार्यक्रममा सहभागी उद्योगी व्यवसायीहरूले चर्को ब्याजदरका कारण उद्योगी व्यवसायीहरू ठूलो मारमा परेको भन्दै निकासका लागि पहल गर्न आग्रह गरेका थिए । नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय सदस्य एजाज आलम, लुम्बिनी प्रदेश अध्यक्ष टंकप्रसाद कँडेल, महासचिव जेपी कँडेल, राष्ट्रिय उद्योग व्यापार संगठन रुपन्देहीका निवर्तमान अध्यक्ष नारायणप्रसाद भण्डारीलगायतले व्यापार व्यवसायमा ५० प्रतिशत ह्रास आएको तर ऋणको ब्याजदर शतप्रतिशत बढेको भन्दै ब्याजदर घटाउने उपायका बारेमा जिज्ञासा राखेका थिए ।

## कर्पोरेट

### सिटी एक्सप्रेसको 'मेगा बम्पर उपहार' विजेता घोषणा

**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस मनी ट्रान्सफरले 'बिदेशबाट सिटी आयो, दशैं तिहारलाई गोल्डेन बनायो' योजना अन्तर्गत मेगा बम्पर उपहार '५ तोला सुन' बिजेताको नाम घोषणा गरेको छ । कम्पनीले विद्युतिय प्रणालीद्वारा विजेता छनौट गर्दा साउदी अरब बाट रेमिटचान्स पठाउने जिवन रायमाझीले ५ तोला सुन जित्न सफल भएका छन् ।

सिटी एक्सप्रेस मनी ट्रान्सफरले गत भदौ १५ गते समस्त नेपालीहरुको महान चाड २०७९ सालको दशैं, तिहार र छठ्लाई लक्षित गर्दै आफ्ना ग्राहकवर्गहरुसंग पर्वको खुशी साट्न लगातार ६३ दिन सम्म चल्ने 'बिदेशबाट सिटी आयो, दशैं तिहारलाई गोल्डेन बनायो' उपहार योजना घोषणा गरेको थियो ।

सोही योजना अन्तर्गत लक्की ड्र मार्फत हरेक महिना १ जनालाई १ तोला सुन, हरेक हप्ता १ जनालाई १० तोला चाँदी साथै ६३ दिन लगातार हरेक दिन १६ जना विजेताहरुलाई आकर्षक गिफ्ट ह्याम्पर र अन्त्यमा एक जना भाग्यशाली मेगा बम्पर




बिजेतालाई ५ तोला सुन उपहार प्रदान गरिने योजनामा रहेको थियो । जसअन्तर्गत १००८ जनाले दैनिक उपहार (आकर्षक गिफ्ट हयाम्पर) , ९ जनाले साप्ताहिक उपहार (१०/१० तोला चाँदी ) र २ जनाले मासिक उपहार (१/ १ तोला सुन ) जित्न सफल भइसकेका छन् ।

सिटी एक्सप्रेसले रेमिटचान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै विगत १६ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । आन्तरिक विप्रेषण अन्तर्गत सिटी एक्सप्रेसका देशभर छरिएर रहेका १५ हजारभन्दा बढि भुक्तानी केन्द्रहरु मार्फत छिटो, सहज र सुरक्षित तरिकाले भुक्तानी प्रदान गर्ने, कुनै पनि बैंकको खातामा रकम जम्मा गर्ने र मोबाईल वालेटमा लोड गर्न सकिने जस्ता सुविधाहरु प्रदान गर्दै आइरहेको छ ।

### अल्का अस्पतालमा मधुमेहका बिरामीको निःशुल्क स्वास्थ्य परीक्षण



**ललितपुर (प्रस)–** अल्का अस्पताल प्रालिले मधुमेह भएका बिरामीको निःशुल्क स्वास्थ्य परीक्षण गरेको छ । विश्व मधुमेह दिवसका अवसरमा ललितपुरको जावलाखेलमा रहेको अल्का अस्पतालले अस्पताल परिसरम नै मधुमेह भएका बिरामीहरुलाई निःशुल्क स्वास्थ्य परीक्षण गरेको हो ।

निःशुल्क स्वास्थ्य शिविरबाट ३ सय भन्दा बढी मधुमेहका बिरामीको परीक्षण र औषधि वितरण गरिएको अस्पतालका प्रशासन प्रमुख भगवान केसीले जानकारी दिए । एचबिएवान सी, पीपी र फास्टिङ लगायतका ल्याव टेष्टमा पनि निशुल्क परीक्षण गरिएको उहाँले जानकारी दिए ।

मधुमेहका बिरामीहरुलाई मात्र लक्षित गरेको आयोजना गरिएको सो कार्यक्रममा चिकित्कसको सिफारिस अनुसार १० दिनसम्मका लागि पुग्ने औषधि पनि वितरण गरिएको उनले बताए ।

निशुल्क स्वास्थ्य परीक्षणमा सहभागी भएकाहरुलाई २ हप्तासम्म फलोअप गर्दा कुनै पनि शुल्क नलाग्ने अस्पतालले जनाएको छ । त्यस्तै अल्का अस्पतालले विश्व मधुमेह दिवसका अवसरमा विहान जनचेतनामुलक र्‍याली पनि निकालेको थियो ।

अस्पताल परिसरबाट सुरु भएको र्‍याली पुल्चोक, मंगलबजार, लगनखेल, कुमारीपाटी, जावलाखेल हुदैं अस्पताल प्राङगणमा पुगेर टुंगिएको थियो । र्‍यालीमा अस्पतालका अध्यक्ष कुमार थापा, संचालक रामेश्वर थापा, कार्यकारी निर्देशक विद्या श्रेष्ठ थापा लगायतकाको उपस्थिति रहेको थियो ।

## ग्लोबल आइएमई र बिओकेबीच मर्जर सम्झौता

■ प्रभाव संवाददाता




**काठमाडौं–** ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डूबीच एकापसमा गाभ्न तथा गाभिनका लागि आज अन्तिम समझदारीपत्रमा हस्ताक्षर भएको छ । सोमबार भएको समझदारीपत्रअनुसार ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकाल तथा बैंक अफ काठमाण्डू लिमिटेडका अध्यक्ष प्रकाश श्रेष्ठले हस्ताक्षर गरे ।

यसअघि ग्लोबल आइएमई बैंक लिमिटेड र बैंक अफ काठमाण्डू लिमिटेडबीच गाभ्ने र गाभिने (मर्जर) प्रयोजनका लागि मूल्यांकनकर्ताबाट प्राप्त चल र अचल सम्पत्ति, दायित्व तथा कारोबारको मूल्यांकन प्रतिवेदनका आधारमा निर्धारण गरिएको सेयर स्वाप अनुपात एक बराबर हुने व्यवस्था दुवै बैंकका सञ्चालक समितिले अनुमोदन गरिसकेका छन् ।

मर्जरपश्चात् बैंकको कूल पुँजी रु ५७ अर्ब, चुक्ता पुँजी रु ३५ अर्ब ७७ करोड कूल निक्षेप रु चार सय अर्ब, कूल कर्जा रु तीन सय ७९ अर्बभन्दा बढी पुग्नेछ । मर्जरपछि बन्ने नयाँ बैंक कूल पुँजी, चुक्ता पुँजी तथा व्यवसायको आकारको हिसाबले नेपालको सबैभन्दा ठूलो बैंक बन्नेछ । नयाँ बैंकको नाम ग्लोबल आइएमई बिओके लिमिटेड हुनेछ । सञ्चालक समितिमा ग्लोबल आइएमई बैंकका तर्फबाट अध्यक्ष चन्द्रप्रसाद ढकालसहित पाँच र बैंक अफ काठमाण्डूका तर्फबाट दुईजना रहनेछन् ।

त्यसैगरी बैंकको प्रमुख कार्यकारी अधिकृतका रुपमा ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य रहनेछन् । कूल २१ वटा बैंक तथा वित्तीय संस्थाहरू गाभिएर बन्ने ग्लोबल आइएमई बिओके लिमिटेडमा पाँचवटा वाणिज्य बैंक, १० वटा विकास बैंक तथा छवटा फाइनान्स कम्पनी समाहित भइसकेको हुनेछ ।

साथै, दुवै बैंकले असोज मसान्तसम्म रु एक अर्ब ४७ करोड रुपैयाँभन्दा बढी खुद नाफा आर्जन गरिसकेका छन् । दुई बैंकहरुको मर्जरपश्चात् कूल तीन सय ८५ शाखा कार्यालय, तीन ६७ एटिएम, दुई सय ७५ शाखारहित बैंकिङ सेवा, ६१ विस्तारित शाखा कार्यालय, तीनवटा विदेशस्थित सम्पर्क कार्यालय, ४० लाखभन्दा बढी ग्राहकहरुसहित अन्य धेरै वित्तीय परिसूचकमा ग्लोबल आइएमई बिओके लिमिटेड मुलुकको सबैभन्दा ठूलो बैंक हुने दाबी गरिएको छ । संयुक्त मर्जर समितिका संयोजक राधेश पन्तले मर्जर समितिले बैंकका लगानीकर्ता, कर्मचारी तथा समग्र बैंकलाई केन्द्रमा राखेर मर्जर समितिले काम गरेको बताउँदै दिगो र उच्च प्रतिफल दिन ठूलो बैंकले मात्र सक्ने बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ